Soaltee Hotel Limited

# ४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

**(Minutes)**




## आर्थिक वर्ष २०७८/७९

## २०७९ पौष २८ गते

## (१२ जनवरी २०२३)

## ताहाचल, काठमाण्डौं, नेपाल ।

Soaltee Hotel Limited

सोल्टी होटल लिमिटेड काठमाण्डौं

मितिः २०७९ माघ ९
(२३ जनवरी २०२३)

श्री आदरणीय शेयरधनी महानुभाव,

सोल्टी होटल लिमिटेडको मिति **२०७९ साल पौष २८** गते तद्नुसार १२ जनवरी २०२३, बिहिबारका दिन बिहान ११ बजे, **नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं, नेपालमा** विधिवत सम्पन्न भएको कम्पनीको **४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes) कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३)** बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति **नेपाली राष्ट्रिय दैनिक आर्थिक अभियानमा प्रकाशित** समेत गरिएको जानकारी सहित सो को एक प्रति यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ।

सःधन्यवाद ।

भवदीय,

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**संलग्न कागजातहरु :–**

१ **४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes)**

P O Box 3800, Tahachal, Kathmandu, Nepal, Telephone:- +977-1-4272567, 4273999, Fax: +977-1-4272201, 4272206 , E-mail: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड रजिष्टर्ड अफिस ताहाचल, काठमाडौं
कम्पनी दर्ता नं ९६/०३२

# सोल्टी होटल लिमिटेड
## ४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस सोल्टी होटल लिमिटेड (कम्पनी) को ४८औं वार्षिक साधारण सभा कम्पनीका **कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट**ज्यूको सभापतित्वमा भौतिक तथा अभौतिक भर्चुवल भिडियो कन्फ्रेन्स (*Virtual Video Conference Medium*) माध्यमबाट निम्न मिति, स्थान, र समयमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय**

**मितिः** **२०७९ साल पौष २८ गते तद्नुसार १२ जनवरी २०२३, विहिबारका दिन ।**

**स्थानः** **नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं ।**

**समयः** **बिहान ११ बजे ।**

३. **सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४८औं वार्षिक साधारण सभाको लागि शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना सहितको प्रारम्भिक संक्षिप्त सूचना **"आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा २०७९ कार्तिक १३ गते तद्नुसार ३० अक्टूबर २०२२ आइतबारका दिन प्रकाशित गरिएको थियो ।

तत्पश्चात्, कम्पनीको ४८औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु, अन्य जानकारीहरु, र कम्पनी ऐन, २०६३ को दफा ८४ मा शेयरधनीहरुलाई **संक्षिप्त वार्षिक आर्थिक विवरण** सभा सम्बन्धी सूचना प्रकाशित गर्दाको बखत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न सक्ने व्यवस्था भए अनुसार संक्षिप्त वार्षिक आर्थिक विवरण तयार पारी लेखापरीक्षकबाट प्रमाणिकृत सञ्चालकहरुको प्रतिवेदन सहितको कम्पनीको संक्षिप्त आर्थिक विवरण र आर्थिक वर्ष २०७८/७९ को **४८औं वार्षिक प्रतिवेदन**को पूर्णपाठ रहेको पुस्तकको लागि QR Code मोबाइलबाट स्क्यान गरी हेर्न सकिने व्यवस्था सहितको बिस्तृत ४८औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा मिति २०७९ मंसिर २९ गते तद्नुसार १५ दिसम्बर २०२२ विहीबारका दिन प्रकाशित गरिएको थियो ।

त्यसैगरी, कम्पनीको ४८औं वार्षिक साधारण सभा सम्बन्धी दोश्रो पटकको सूचना "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा मिति २०७९ पौष १३ गते तद्नुसार २८ डिसम्बर २०२२ बुधबारका दिन पुनः कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनको **४८औं वार्षिक प्रतिवेदन**को पूर्णपाठ रहेको पुस्तकको लागि QR Code मोबाइलबाट स्क्यान गरी हेर्न सकिने व्यवस्था सहितको ४८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनीहरुको जानकारीको लागि राष्ट्रिय दैनिकबाट सम्प्रेषण गरिएको थियो । साथै, कम्पनीको उपरोक्त ४८औं वार्षिक साधारण सभा सम्बन्धी सबै प्रकाशित सूचनाहरु र आर्थिक विवरणहरु कम्पनीको वेव साईट http:www.soalteehotel.com मा समेत शेयरधनी महानुभावहरुको अधिकतम जानकारीको लागि उपलब्ध रहेका छन ।

साथै, कम्पनीको शेयरधनी दर्ता किताबमा उपलब्ध शेयरधनीहरुको **व्यक्तिगत ईमेल आईडीमा** समेत **ईमेल** गरी **४८औं वार्षिक प्रतिवेदन**को पूर्णपाठ रहेको पुस्तकको लागि QR Code समावेश रहेको कम्पनीको ४८औं वार्षिक साधारण सभा सम्बन्धी विस्तृत सूचना सहितको संक्षिप्त वार्षिक आर्थिक विवरणहरु सम्प्रेषण समेत गरिएको थियो ।

त्यसैगरि, कम्पनीको ४८औं वार्षिक साधारण सभामा शेयरधनीहरुको अभौतिक माध्यम, भर्चुअल भिडियो कन्फरेन्स भर्चुवल वेबिनारको माध्यमबाट कम्पनीको ४८औं वार्षिक साधारण सभामा सहभागी हुनका लागि आवश्यक प्राविधिक

जानकारी समावेश रहेको भर्चुअल भिडियो कन्फरेन्स वेबिनार रजिष्ट्रेशन र सभामा सहभागी हुने जूम लिंक समेत सम्प्रेषण गरिएको जानकारी अनुरोध छ ।

४. **छलफलको विषय**

(क) **सामान्य प्रस्ताव**

१. **आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०७९ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रबाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।**

३. **कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/७९ (२०२१/२२) को नाफाबाट शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको २१.३१५७८९४७% (प्रतिशत)का दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

४. **कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

५ **कम्पनीको सञ्चालक समितिबाट सिफारिश भए बमोजिम कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु पारित गर्ने ।**

६. **कम्पनीका संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्ने ।**

(ख) **विषेश प्रस्ताव**

७. **कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई ५% (पाँच प्रतिशत)का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।**

(ग) विविध

८. **विविधः अध्यक्षको अनुमति अनुसार ।**

५. उपस्थिति

१. **संचालकहरुको उपस्थितिः**

कम्पनीको ४८औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, **श्री दिनेश बहादुर बिष्ट**, तथा संचालकहरु **श्री रवि भक्त श्रेष्ठ**, **श्री राजेश काजि श्रेष्ठ**, **श्रीमती जया राज्य लक्ष्मी शाह** (भिडियो कन्फरेन्स मार्फत), **श्री युवराज अधिकारी**, **श्री निरञ्जन कुमार टिवरेवाला**, **श्री शशी राज पाण्डे** (भिडियो कन्फरेन्स मार्फत), **श्री प्रकाश बिक्रम खत्री** र **श्री दीपक राज जोशी** ज्यूहरुको उपस्थिति थियो ।

२. **कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

कम्पनीको ४८औं वार्षिक साधारण सभामा कम्पनीका उपाध्यक्ष, **श्री सुदर्शन चापागाई**, दी सोल्टी काठमाण्डौंका महाप्रबन्धक **श्री विजयनान्मरन शानमुगम**, कम्पनी सचिव **श्री लिल बहादुर खत्री**, मुख्य लेखापाल **श्री मुक्तिनाथ श्रेष्ठ**, दी सोल्टी काठमाण्डौंका वित्त नियन्त्रक **श्री नरेन्द्र न्यौपाने**, क्लष्टर प्रबन्धक सूचना प्रविधि, **श्री निराजन मान शाक्य**, बैधानिक लेखापरीक्षक **बि. के. अग्रवाल एण्ड कं.**, चार्टर्ड एकाउण्टेण्टस्, लेखापरीक्षकको तर्फबाट, **प्रबन्ध साझेदार, सि**

ए **श्री बि. के. अग्रवाल**, कानूनी सल्लाहकार अधिवक्ता **श्री समीर शर्मा**, तथा नियामक निकाय कम्पनी रजिष्ट्रारको कार्यालयका उप रजिष्ट्रार **श्री शेखर बाबु कार्की** ज्यूको उपस्थिति थियो ।

३. **शेयरधनीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | **कुल शेयरधनीहरुको उपस्थिति संख्या** | ४३२ |

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल (शेयरधनी संख्या तथा शेयर कित्ता) | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरुको भर्चुवल तथा भौतिक उपस्थिति संख्या | १३,१५६ | ४३२ | ३.२८% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ८,४२,५७,९७३ | ६,८४,१४,१३ | ८१.२०% |

## ७. सभाको वैधानिकता

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४८औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४८औं वार्षिक साधारण सभा गर्नका लागि शेयरधनीहरुको संख्या भर्चुवल र भौतिक गरी जम्मा ४३२ जना र कुल शेयर संख्याको **८१.२० प्रतिशतको** प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार ४८औं वार्षिक साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम ४८औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी **अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यू**ले गर्नुहुने जानकारी गराउँदै बिहान ११ बजे कम्पनीको ४८औं वार्षिक साधारण सभाको काम कारबाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुँदै ४८औं वार्षिक साधारण सभाको कामकारवाही अगाडि बढाउनु भयो ।

## ९. अध्यक्षज्यूको मन्तब्य

कम्पनीको ४८औं वार्षिक साधारण सभालाई आफ्नो मन्तव्य प्रकट गर्नुहुँदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले ४८औं वार्षिक साधारण सभामा भौतिक रुपमा र अनलाइन भर्चुवल भिडियो कन्फेरेन्सको माध्यमबाट समेत उपस्थित हुनुभएका शेयरधनी महानुभावहरु, तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिनन्दनका साथ अध्यक्षको मन्तव्य प्रकट गर्नुभयो ।

समग्रमा, समिक्षा आर्थिक वर्ष २०७८/७९ लाई समिक्षात्मक रुपमा विश्लेषण गर्दा गत आर्थिक वर्ष आतिथ्य उद्योगहरुका लागि सुधारकै क्रममा रहेको भएतापनि सकारात्मक तथा उत्साहपूर्ण वर्ष रह्यो । वर्ष २०२२ को समग्र विश्व पर्यटनको परिदृश्यलाई सुक्ष्म विश्लेषण गर्दा अन्तर्राष्ट्रिय पर्यटन क्षेत्र सुधारोन्मुख रहेको र विश्वभरी नै पर्यटन आगमनमा तिब्र अभिबृद्धि भईरहेको छ, परिणामतः नेपालको पर्यटन तथा आतिथ्य उद्योग वर्ष २०२२ बाट लयमा फर्किँदै गरेको अवस्थामा छ ।

सन् २०२२ मा समग्र विश्व पर्यटनको परिदृश्यलाई विश्लेषण गर्दा अन्तर्राष्ट्रिय पर्यटन क्षेत्र सुधारात्मक रुपमा गतिशिल रही तिब्र बृद्धि सहितको प्रदर्शन गरीरहेको छ । विश्वको पर्यटक आगमनको परिदृश्य भने २०२२ को नोभेम्बर सम्मको अवधिमा अन्तर्राष्ट्रिय पर्यटक आवागमन झण्डै तीन गुणाले बढेको देखिएको छ । अन्तर्राष्ट्रिय पर्यटन २०२२ को अन्त्य सम्म पूर्व

कोभिड महामारी स्तरको ६५% सम्म सुधार भई पुर्नस्थापित हुँदै गरेको पदमार्गमा अग्रसर छ र सुधारको क्रम तिब्र रहेकोले छिट्टै अन्तर्राष्ट्रिय पर्यटन क्षेत्र कोभिड महामारीको पूर्वावस्थामा पुग्ने प्रक्षेपण सहजै गर्न सकिन्छ ।

आर्थिक वर्ष २०७८/७९ मा कम्पनीको कुल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा २०१.६२ प्रतिशतले बढेको छ, जुन अघिल्लो आर्थिक वर्षमा ६४.०९ प्रतिशतले घटेको थियो । समीक्षा आर्थिक वर्षमा कम्पनीको ह्रासकट्टि पश्चात् अघिल्लो आर्थिक वर्षको खुद नोक्सानी रुपैयाँ २२ करोड ४९ लाख ३३ हजार को तुलनामा रुपैयाँ २९ करोड ७२ लाख ४३ हजार खुद मुनाफा आर्जन गर्दै अघिल्लो वर्षको नगद घाटा रुपैयाँ ८ करोड १३ लाख ७० हजारको तुलनामा यस आर्थिक वर्षमा रुपैयाँ ४१ करोड ५५ लाख २० हजार नगद मुनाफा (Cash Profit) आर्जन गर्न सफल भएकोछ ।

चालु आर्थिक वर्ष २०७९/८० को २०७९ पौष १६ गते सम्मको अवधीमा यस होटेलले अघिल्लो आर्थिक वर्षको सोही अवधीको लगभग रुपैयाँ **४५ करोडको** तुलनामा कम्पनीको कुल आम्दानी लगभग रुपैयाँ **९७ करोड** आर्जन गर्न सफल भएकोछ जो गत वर्षको तुलनामा दोब्बर भन्दा पनि बढी हो । चालु आर्थिक वर्षको २०७९ पौष १६ गते सम्मको कोठा अक्यूपेन्सी लगभग **६० प्रतिशत** रहेको छ भने अघिल्लो आर्थिक वर्षको सोही अवधिको कोठा अक्यूपेन्सी मात्र **२० प्रतिशत** थियो । होटेलको प्रति कोठा औसत मूल्यदर र उपलब्ध प्रति कोठा आम्दानी समेतको दृष्टिबाट हाम्रो कम्पनीको कार्यसम्पादनको गति तिब्र प्रगतिशिल कार्यदिशातर्फ उन्मुख रहेको परिलक्षित हुन्छ । होटेलको प्रति कोठा औसत मूल्यदर र उपलब्ध प्रति कोठा आम्दानी क्रमशः **रु. ८,९१९ र रु. ५,३३१** रहेको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधीमा क्रमशः रु. ५,२९७ र १,०४३ थियो ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेकोछ । विषम परिस्थितिमा व्यवस्थापन, कर्मचारीहरु र कर्मचारी संगठनहरु बीचको समन्वय अत्यन्त राम्रो र प्रशंसनीय रहेको छ । उहाँहरु सबैको सकारात्मक सोचहरुलाई सराहना तथा प्रशंसा गर्दै यस प्रकारको सौहार्दताले कम्पनीको भविष्य निर्माण गर्न कम्पनी व्यावस्थापनलाई थप हौसला तथा प्रोत्साहन मिल्ने उल्लेख गर्नुभयो ।

शेयरधनी महानुभावहरु, कर्मचारीहरु, कर्मचारी संगठनहरु, स्वदेशी तथा विदेशी पाहुनाहरु, व्यवसाय प्रदान गर्ने सहयोगीहरु, नियामक निकायहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरुबाट प्राप्त असिम विश्वास एवं भरोसा प्रति हृदय देखि नै आभार प्रकट गर्दै हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभयो ।

**(सम्बोधनको बिस्तृत विवरण – अनुसूची १)**

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति

### (क) सामान्य प्रस्ताव

कम्पनीको ४८औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले आफ्नो मन्तव्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि विषयसूची नम्बर (क) (१) र (क) (२) अनुसार क्रमशः प्रस्तुत गर्नुभयो ।

१. **आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०७९ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।**

## ११. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) का **वार्षिक आर्थिक विवरणहरु (Financial Statements)**, २०७९ आषाढ मसान्तको **वासलात (वित्तीय स्थितिको विवरण),** सोही मितिमा समाप्त भएको **नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**, **नगद प्रवाह विवरण** तथा **ईक्वीटीमा भएको परिवर्तनको विवरण** र यस

कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को वित्तीय विवरणहरु समेत समावेश रहेको <u>**एकिकृत आर्थिक विवरणहरु**</u>, (<u>**Consolidated Financial Statements**</u>) र तत्सम्बन्धी टिप्पणीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नु भयो ।

तत्पश्चात् उपस्थित शेयरधनी महानुभावहरु मध्ये **(१) श्री सुदीप श्रेष्ठ,** (१३०१०९०००००१३५६२) जम्मा शेयर स्वामित्व शेयर कित्ता १६१, **(२) श्री दशरथ रिसाल,** (१३०११७००००१९०७२१) जम्मा शेयर स्वामित्व शेयर कित्ता ११, र **(३) श्री राम कृष्ण पन्त,** (१३०११२००००२७८३३६) जम्मा शेयर स्वामित्व शेयर कित्ता ३६७, शेयरधनी महानुभावहरुले छलफलको क्रममा भौतिक माध्यमबाट सहभागी हुंदै आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु प्रकट गर्नुभएको थियो ।

**(बक्ता शेयरधनीहरुको मन्तव्यको विस्तृत विवरण – अनुसूची २)**

## १२. सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्नो मन्तव्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नुभएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनुभएको थियो । **(प्रत्युत्तर सम्बोधनको विस्तृत विवरण – अनुसूची ३)**

## १३. सभाको निर्णय

### (क) समान्य प्रस्ताव

**१. आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूचि नम्बर (क)(१) अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट **संचालक समितिको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को वार्षिक प्रतिवेदन** पारित गऱ्यो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) का वार्षिक आर्थिक विवरणहरु, (Financial Statements), २०७९ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य विस्तृत आय विवरण), नगद प्रवाह विवरण (नगद प्रवाहको विवरण), तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को वित्तीय विवरणहरु समेत समावेश रहेको कम्पनीको एकिकृत आर्थिक विवरणहरु, (Consolidated Financial Statements) उपर छलफल गरी पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क)(२) अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) का <u>**वार्षिक आर्थिक विवरणहरु**</u> (**Financial Statements**), २०७९ आषाढ मसान्तको <u>**वासलात (वित्तीय स्थितिको विवरण)**</u>, सोही मितिमा समाप्त भएको <u>**नाफा-नोक्सान हिसाब (नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण)**</u>, <u>**नगद प्रवाह विवरण**</u> तथा <u>**ईक्वीटीमा भएको परिवर्तनको विवरण**</u> र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२२) को वित्तीय विवरणहरु समेत समावेश रहेको <u>**एकिकृत आर्थिक विवरणहरु**</u>, (<u>**Consolidated Financial Statements**</u>) र तत्सम्बन्धी टिप्पणीहरु लगायतका वित्तीय विवरणहरु उपर छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

३. **कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७८/७९ (२०२१/२२) को नाफाबाट शेयरधनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको २१.३१५७८९४७% (प्रतिशत) का दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क)(३) बमोजिम कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको आर्थिक वर्ष २०७८/७९ (२०२१/२२) को नाफाबाट शेयरधनीहरुलाई **चुक्ता पूँजीको २१.३१५७८९४७%** (एक्काईस दशमलव तीन एक पाँच सात आठ नौ चार सात प्रतिशत) का दरले **नगद लाभांश** प्रदान गर्न गरेको सामान्य प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा ४८औं वार्षिक साधारण सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

४. **कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७९/८० (२०२२/२३) को लागि कम्पनीको बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) (४) अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) का लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावको सम्बन्धमा, आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले ४८औं वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा छलफल पश्चात् सभाले लेखापरीक्षण समितिको सिफारिश भए बमोजिम **श्री बी. के. अग्रवाल एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्,** (B. K. Agrawal & Co., Chartered Accountants) काठमाण्डौं लाई **आर्थिक वर्ष २०७९/०८० (२०२२/२३)** का लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक **रु.४,९५,०००/–** (अक्षेरेपी चार लाख पन्चानब्बे हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) भुक्तानी पाउने गरी कम्पनीको बैधानिक लेखापरीक्षण तथा सोही आर्थिक वर्ष २०७९/०८० (२०२२/२३) को कर लेखापरिक्षणको लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक **वार्षिक रु. १,१०,०००/–** (अक्षेरेपी एक लाख दश हजार मात्र) कर लेखा परिक्षण पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) भुक्तानी पाउने गरी कम्पनीको बैधानिक लेखापरीक्षक तथा कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई ४८औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो । सो प्रस्तावको प्रस्तुति सभाका सभापतिको अनुमतिले लेखापरीक्षण समितिको तर्फबाट सो समितिका संयोजक/अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष प्रस्तुत गर्नुभएको थियो ।

**(लेखापरीक्षण समितिको तर्फबाट सो समितिका संयोजकको प्रस्तुतिको विस्तृत विवरण – अनुसूची ४)**

५. **कम्पनीको सञ्चालक समितिबाट सिफारिश भए बमोजिम कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क)(५) अनुरुप कम्पनीको संचालक समितिबाट सिफारिश भए बमोजिम कम्पनीका **कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु** पारित गर्ने सामान्य प्रस्ताव सभा समक्ष पेश हुंदा सो प्रस्ताव ४८औं वार्षिक साधारण सभाको सभापतित्व गरिरहनु भएका कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूसंग प्रत्यक्ष सम्बन्ध रहेको र निजी सरोकारको विषय भएकोले श्री बिष्टज्यूले सभाको यस विषयको छलफलमा भाग नलिने जानकारी सभा समक्ष गराउदै सभाको यस विषयको छलफलमा वहाँ सहभागी हुनु भएन ।

तदन्तर, सभापति श्री दिनेश बहादुर बिष्टज्यूले ४८औं वार्षिक साधारण सभाको छलफलको यो विषयलाई अगाडी बढाई संचालन गर्नको लागि संचालक समितिका सदस्य एवं संचालक समितिको पारिश्रमिक पुनरावलोकन समितिका संयोजक, श्री रवि भक्त श्रेष्ठज्यूलाई हार्दिक अनुरोध गर्नुभयो ।

कम्पनीको ४८औं वार्षिक साधारण सभाका सभापतिको अनुमतिले, सञ्चालक समितिको **पारिश्रमिक पुनरावलोकन समिति**का संयोजक, संचालक समितिका सदस्य श्री रवि भक्त श्रेष्ठज्यूले सभाको छलफलको यो विषयलाई संचालन गर्नुभयो ।

कम्पनीका कार्यकारी अध्यक्ष, **श्री दिनेश बहादुर बिष्टज्यू**को पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन गरी सिफारिस गर्ने सम्बन्धमा बिस्तृत र विश्लेषणात्मक अध्ययन गरी कम्पनीको ४८औं वार्षिक साधारण सभाबाट स्विकृतिका लागि सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्न संचालक समितिको मिति २०७९ आश्विन ३१ गते तदनुसार १७ अक्टूबर २०२२ सोमबारका दिन बसेको २४१औं बैठकले कम्पनीको कार्यसंचालन तथा व्यवस्थापनमा संलग्न नरहनु भएको संचालक समितिका सदस्यहरु, संचालक श्री रवि भक्त श्रेष्ठको संयोजकत्वमा गठित संचालक, श्री शशिराज पाण्डे, संचालक, श्री निरन्जन कुमार टिवरेवाला र संचालक, श्री प्रकाश बिक्रम खत्री रहनु भएको विद्यमान चार सदस्यीय संचालक समितिको उपसमिति **पारिश्रमिक पुनरावलोकन समिति** लाई सक्रिय गराई कार्यभार दिएको थियो ।

कम्पनीको **पारिश्रमिक पुनरावलोकन समिति**ले संचालक समिति समक्ष सुझाव सहित प्रतिवेदन पेश गरी पुनरावलोकन को लागि सिफारिस गरेको तथा सोही सिफारिस बमोजिम सञ्चालक समितिको मिति २०७९ पौष २१ गते तदनुसार ५ जनवरी २०२३ विहीवारका दिन बसेको कम्पनीको सञ्चालक समितिको २४२औं बैठकले विस्तृत छलफल पश्चात् कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन सहित पुनर्निधारण गरि वहाँको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन तथा पुर्ननिर्धारण गरी सोको स्विकृतिका लागि कम्पनीको यस ४८औं वार्षिक साधारण सभा समक्ष सामान्य प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय भए बमोजिम यस ४८औं वार्षिक साधारण सभा समक्ष पेश गरिएको पारिश्रमिक पुनरावलोकन समितिका संयोजक तथा सञ्चालक, श्री रवि भक्त श्रेष्ठज्यूले सभालाई जानकारी गराउनु भयो ।

साथै, कम्पनीका कार्यकारी अध्यक्षज्यूको पारिश्रमिक पुनरावलोकन तथा पुर्ननिर्धारण प्रत्येक चार वर्षमा हुने गर्दछ र पछिल्लो समय मिति २०७५ साल पौष २६ गते तद्नुसार १० जनवरी २०१९ मा बसेको कम्पनीको ४४औं वार्षिक साधारण सभाबाट मिति २०७५ श्रावण १ गते तदनुसार १७ जुलाई २०१८ देखि लागू हुने गरी चार (४) वर्षको लागी भएको थियो र त्यसपछि, कार्यकारी अध्यक्षज्यूको पारिश्रमिक तथा सुबिधाहरुमा कुनै पनि वृद्धि वा परिवर्तन भएको थिएन ।

कम्पनीको संचालक समितिले सर्वसम्मतिबाट निर्णय गरी यस ४८औं वार्षिक साधारण सभा समक्ष विस्तृत विवरण सहित साधारण प्रस्ताव पेश गरे बमोजिम, **मिति २०७९ श्रावण १ गते तदनुसार १७ जुलाई २०२२** देखि लागू हुने गरी आगामी **४ (चार) वर्ष**का लागि कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधा पुनरावलोकन तथा पुर्ननिर्धारण सम्बन्धी प्रस्तुत सामान्य प्रस्तावलाई स्वीकृति प्रदान गरी पारित गरियोस् भनि सञ्चालक समितिको तर्फबाट पारिश्रमिक पुनरावलोकन समितिका संयोजक तथा सञ्चालक, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष पेश गर्नु हुँदा शेयरधनीहरुको ४८औं वार्षिक साधारण सभाले सो प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृति प्रदान गरी पारित गर्‍यो ।

***(पारिश्रमिक तथा सुविधाहरु पुनरावलोकन प्रस्ताव प्रस्तुतिको विस्तृत विवरण - अनुसूची ५)***

६. **कम्पनीका संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्ने ।**

निर्धारित विषय सूची (क)६ अनुरुप कम्पनीका संचालक समितिबाट सिफारिश भए बमोजिम संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्ने ।

निर्धारित छलफलको विषय सूची नम्बर (क) ६ कम्पनीको ४८औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नु हुदैं कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले २०७१ साल पौष २७ गते तद्नुसार ११ जनवरी २०१५, आइतबारका दिन बसेको कम्पनीको ४०औं वार्षिक साधारण सभाले कम्पनीको संचालक समितिका सदस्यहरुको बैठक भत्ताको पुनरावलोकन गरेको तथा त्यसपछि गत सात वर्ष देखि बैठक भत्तामा कुनै पनि परिवर्तन नभएको सभा समक्ष जानकारी गराउनु भयो ।

विगत ७ वर्ष देखि संचालक समितिका सदस्यहरुले पाउने बैठक भत्तामा कुनै पनि पुनरावलोकन नभएको, कम्पनीको कार्य प्रगति र संचालकज्यूहरुले कम्पनी संचालनमा पुऱ्याउदै आउनु भएको उल्लेख्य योगदान, मूल्य वृद्धि, कम्पनीको प्रतिष्ठा एवं स्तर, व्यवसायीक परामर्शका लागि गरिने अध्ययन र कम्पनीको व्यवसाय प्रबर्द्धन तथा व्यावसायिक नीति निर्धारणमा संचालक समितिका सदस्यज्यूहरुबाट प्राप्त हुने महत्वपूर्ण परामर्श, सल्लाह, सञ्चालकज्यूहरुको भूमिका, समय, प्राप्त बौद्धिक सेवा तथा सञ्चालकज्यूहरुबाट कम्पनीलाई आपतकालिन अवस्था पर्दा आर्थिक समबर्द्धनका लागि

बैठक भत्ता समेत कम्पनीलाई योगदान गरी वित्तीय सुदृढीकरणमा समेत सहयोग गर्दै आउनु भएको तथ्य समेतको कदर गर्दै संचालक समिति तथा सो समितिका उप समितिहरुको बैठकमा उपस्थित भएबापत संचालक समितिका सदस्यहरु तथा उप समितिमा रहनु हुने संचालक समितिका सदस्यहरुको बैठक भत्ता वृद्धि हुन आवश्यक देखिएको स्पष्ट पार्दै साविकको बैठक भत्तालाई सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम मिति २०७९ पौष २८ अर्थात ४८औं वार्षिक साधारण सभा समाप्ति पश्चात् लागुहुने गरी प्रत्येक बैठकमा उपस्थित भए बापत प्रति बैठक प्रति सदस्य हालको बैठक भत्तालाई वृद्धि गरी कर कट्टी पश्चात् (Net of Income Tax) खुद (Net) रु. २५,००० (रुपैयाँ पच्चिस हजार) प्रति बैठक प्रति सदस्य प्रदान गर्न सभा समक्ष सामान्य प्रस्ताव पेश गर्नुभयो ।

कम्पनीको संचालक समिति तथा त्यसका उप समितिहरुको प्रत्येक बैठकमा उपस्थित भए बापत संचालक समितिका सदस्यहरु तथा उप समितिमा रहनु हुने संचालक समितिका सदस्यहरुले पाउने हालको साबिक बैठक भत्ता कर कट्टी पश्चात् खुद रु. १५,००० /– बाट वृद्धि गरी **कर कट्टी पश्चात् (Net of Income Tax) खुद रु. २५,०००/–** (रुपैयां पच्चिस हजार मात्र) पाउने गरी कम्पनीको संचालक समितिको मिति २०७९ पौष २१ गते तदनुसार ५ जनवरी २०२३ का दिन बसेको संचालक समितिको २४२औं बैठकबाट सर्वसम्मत निर्णय गरी कम्पनीको यस ४८औं वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम संचालक समितिका सदस्यहरु तथा उप समितिमा रहनु हुने संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गरियोस् भनी सभापतिज्यूले शेयरधनीहरुको ४८औं वार्षिक साधारण सभा समक्ष स्विकृतिका लागि प्रस्ताव पेश गर्नुहुंदा मिति २०७९ पौष २८ अर्थात ४८औं बार्षिक साधारण सभाको समाप्ति पश्चात् लागुहुने गरी सभाले कम्पनीका संचालक समितिका सदस्यहरु तथा सोको उपसमितिमा रहनुहुने सञ्चालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्तुत प्रस्तावलाई सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम सभाले सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो ।

## (ख) विशेष प्रस्ताव

७. **कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई ५% (पाँच प्रतिशत) का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।**

निर्धारित विषय सूची (ख)७ अनुरुप कम्पनीका संचालक समितिबाट सिफारिश भए बमोजिम कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई **५% ((पाँच प्रतिशत)** का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषयसूची नम्बर (ख) (७) बमोजिम संचालक समितिले सिफारिश वा प्रस्ताव गरे बमोजिम लिन मन्जुर तथा **चुक्ता पूँजीको ५% ((पाँच प्रतिशत)** का दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर १ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital) बृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई ५% (पाँच प्रतिशत) बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो तथा सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी (Subscribed and Fully Paid up Capital) लाई बृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गऱ्यो ।

साथै, उपरोक्त अनुसार कम्पनीले शेयरधनीहरुलाई बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखि निरन्तर रुपमा अपनाउदै आएको नीति अनुसार ०.५० देखि ०.९९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीबाट बाँकी शेयर बराबरको शेयरको अंकित (परल) मुल्य लिई १ कित्ता शेयर साबिक शेयरधनीलाई दिने र ०.१ देखि ०.४९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित (परल) मुल्य बराबरको बाँकी रकम साबिक शेयरधनीलाई नगद फिर्ता दिइने गरी बोनस शेयर वितरण गरिनेछ ।

(ग) **विविध**

८. **विविधः अध्यक्षको अनुमति अनुसार ।**

निर्धारित छलफलको विषय सूची (ग)(८) बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

१४. **धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ४८औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई भौतिक र अभौतिक भर्चुवल जुम वेबिनार माध्यमबाट उपस्थित हनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, नियामक निकायबाट पाल्नु भएका महानुभावहरु, आमन्त्रित कम्पनीका पदाधिकारीज्यूहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

१५. **सभा विसर्जन**

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले दिउँसो १२.४५ बजे कम्पनीको ४८औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नुभयो ।

**ल्क्ष्ल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची १

(४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ९ संग सम्बन्धित)

## अध्यक्षज्यूको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावहरु, संचालक समितिका सदस्यज्यूहरु, व्यावस्थापन समुहका पदाधिकारीज्यूहरु, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिज्यू, कानूनी सल्लाहकारहरु, र लेखापरीक्षकहरु, उपस्थित महिला एवं सज्जनवृन्द,**

कम्पनीको ४८औं वार्षिक साधारण सभामा भौतिक तथा भर्चुअल भिडियो कन्फेरेन्स माध्यमबाट समेत उपस्थिति हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु, महिला एवं सज्जनवृन्दमा संचालक समिति, सम्पूर्ण सोल्टी होटेल परिवार र मेरो तर्फबाट अपार स्नेहका साथ सहृदय कृतज्ञता तथा आभार व्यक्त गर्दै यस सभामा यहाँहरु सबैमा हार्दिक स्वागत तथा अभिनन्दन गर्दछु ।

कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितका वार्षिक आर्थिक विवरणहरु, जसमा २०७९ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको नाफा वा नोक्सान तथा अन्य कम्प्रीहेन्सीब आय विवरण, नगद प्रवाह विवरण तथा कम्पनीको ईक्वीटीमा भएको परिवर्तनको विवरण र कम्पनी तथा कम्पनीका सहायक कम्पनीहरुको आर्थिक वर्ष २०७८/०७९ का वित्तीय विवरणहरु समेत समावेश गरी तयार गरिएको एकिकृत आर्थिक विवरणहरु, एवं तत्सम्बन्धी व्याख्यात्मक टिप्पणीहरु समावेश रहेको ४८औं वार्षिक प्रतिवेदन यहांहरु समक्ष प्रस्तुत गर्न पाउँदा हामी अत्यन्त गौरवान्वित तथा हर्षित भएकाछौं ।

शेयरधनी महानुभावहरुले कम्पनीको समिक्षा आर्थिक वर्षको प्रकाशित तथा सम्प्रेशित ४८औं वार्षिक प्रतिवेदनबाट कम्पनीको यथार्थ आर्थिक अवस्था तथा कार्यसम्पादनको विश्लेषण गरीसक्नु भएको होला भन्ने मैले अपेक्षा गरेको छु ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

यहाँहरुलाई अवगत नै छ कि विगत २ वर्ष कोरोना भाईरस कोभिड – १९ महामारीबाट विश्व अर्थतन्त्रका आर्थिक क्रियाकलाप तथा वित्तीय गतिविधिहरु अप्रत्याशित रुपमा प्रभावित भए । नेपालका पर्यटन तथा आतिथ्य उद्योगहरु पूर्ण रुपमा प्रभावित भए जसको परिणामत आर्थिक वर्ष २०७६/७७ तथा आर्थिक वर्ष २०७७/७८ को कम्पनीको कार्यसम्पादनमा समेत उल्लेख्य रुपमा प्रभावित भई अघिल्लो आर्थिक वर्षमा कम्पनीको मुनाफा घट्न गई ऋणात्मक भयो । कोभिड - १९ को महामारीबाट प्रभावित विगतका २ वर्षमा देशको अर्थतन्त्रका आर्थिक क्रियाकलाप घट्नुका साथै पर्यटक अतिथिहरुको आगमनमा आधारित नेपालको आतिथ्य उद्योगले अपूरणीय क्षति व्यहोर्नु पर्‍यो ।

समग्रमा, समिक्षा आर्थिक वर्ष २०७८/७९ लाई समिक्षात्मक रुपमा विश्लेषण गर्दा गत आर्थिक वर्ष आतिथ्य उद्योगहरुका लागि सुधारकै क्रममा रहेको भएतापनि सकारात्मक तथा उत्साहपूर्ण वर्ष रहऱ्यो । वर्ष २०२२ को समग्र विश्व पर्यटनको परिदृश्यलाई सुक्ष्म विश्लेषण गर्दा अन्तर्राष्ट्रिय पर्यटन क्षेत्रले सुधारोन्मुख रहेको र विश्वभरी नै पर्यटन आगमनमा तिब्र अभिबृद्धि भईरहेको छ । कोरोना महामारीका कारण विगत दुई वर्ष सम्म मृतप्राय रहेको नेपालको पर्यटन तथा आतिथ्य उद्योग वर्ष २०२२ बाट लयमा फर्किंदै गरेको अवस्थामा छ । तथापी अन्तर्राष्ट्रिय यात्रा तथा पर्यटक आगमनमा पुनरुत्थान भई रहेको भएतापनि महामारी पूर्वको स्तरको पुन:प्राप्ति भने भएको छैन ।

यस अवधीमा नेपालको पर्यटन तथा यात्रा क्षेत्रको आवागमन महामारी पूर्वको स्थिति र स्तरसँग तुलनात्मक अध्ययन गर्दा सन् २०२२ मा उल्लेख्य एवं महत्वपूर्ण अभिवृद्धि भएको छ । कोभिड पूर्व सन् २०१९ संग तुलना गर्दा नेपालको हवाईमार्गबाट पर्यटक आगमनको संख्या २०१९ मा ९,९५,८८४ थियो भने सन् २०२२ को नोभेम्बर सम्ममा लगभग ५,४६,२१६ को संख्यामा पर्यटक नेपाल आइपुगेको तथ्याङ्कले देखाएको छ जो गत कोभिड प्रभावित वर्ष २०२१ को पर्यटक आगमन संख्या १,५०,९६४ को तुलनामा २६२ प्रतिशतले बढेको हो तथापी कोभिड पूर्वको अवस्थाको तुलनामा लगभग ४५ प्रतिशतले न्यून रहेको छ ।

सन् २०२२ मा समग्र विश्व पर्यटनको परिदृश्यलाई विश्लेषण गर्दा अन्तर्राष्ट्रिय पर्यटन क्षेत्र सुधारात्मक रुपमा गतिशिल रही तिब्र बृद्धि सहितको प्रदर्शन गरीरहेको छ । विश्वको पर्यटक आगमनको परिदृश्य भने २०२२ को नोभेम्बर सम्मको अवधिमा अन्तर्राष्ट्रिय पर्यटक आवागमन झण्डै तीन गुणाले बढेको देखिएको छ । अन्तर्राष्टिय पर्यटन २०२२ को अन्त्य सम्म पूर्व कोभिड महामारी स्तरको ६५% सम्म सुधार भई पुर्नस्थापित हुँदै गरेको पदमार्गमा अग्रसर छ र सुधारको क्रम तिब्र रहेकोले छिट्टै अन्तर्राष्ट्रिय पर्यटन क्षेत्र कोभिड महामारीको पूर्वावस्थामा पुग्ने प्रक्षेपण सहजै गर्न सकिन्छ । संयुक्त राष्ट्र संघ विश्व पर्यटन संगठनले वर्ष २०२२ मा लगभग ७० करोड अन्तर्राष्ट्रिय पर्यटकहरू यात्रामा निस्किएको अनुमानित तथ्यांक उल्लेख गर्दै अन्तर्राष्ट्रिय रूपमा जनवरी देखि डिसम्बर २०२२ सम्म वर्ष २०२१ को दाँजोमा दोब्बर भन्दा बढी हुने प्रक्षेपण गरेको छ ।

विश्वमा अन्तर्राष्ट्रिय पर्यटकहरुको आवागमनमा तिब्र गतिले पुनरुत्थान भई रहेको परिप्रेक्ष्यमा पर्यटनमा असंख्य चुनौतीहरु परिलक्षित भई रहेको भएतापनि अन्तर्राष्ट्रिय पर्यटक यात्रा आवागमनबाट प्राप्त विश्व आम्दानी वर्ष २०२२ मा लगभग अमेरिकी डलर १,३०० अर्ब पुगेको तथ्यांकले देखाएकोछ ।

विश्व बैंकले नेपालको चालु आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादन (जिडिपी) आर्थिक बृद्धिदर ५.८ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ । त्यस्तैगरी अर्को वर्ष २०२३/२४ का लागि नेपालले ५.१ प्रतिशतको आर्थिक बृद्धिदर हासिल गर्ने अनुमान पनि गरेको छ । विश्व बैंकको प्रक्षेपण अनुसार सन् २०२२ को नेपालको मुद्रास्फीति दर ६.३ प्रतिशत रहने आकलन रहेकोछ ।

आर्थिक वर्ष २०७८/७९ मा कम्पनीको कुल आम्दानी अघिल्लो आर्थिक वर्षको तुलनामा २०१.६२ प्रतिशतले बढेको छ, जुन अघिल्लो आर्थिक वर्षमा ६४.०९ प्रतिशतले घटेको थियो । यस आर्थिक वर्षको कुल आम्दानी रुपैयाँ १ अरब ३६ करोड ९१ लाख २४ हजार रहेकोछ, जुन अघिल्लो आर्थिक वर्षको कुल आम्दानी रुपैयाँ ४५ करोड ३९ लाख २७ हजारको तुलनामा रुपैयाँ ९१ करोड ५१ लाख ९७ हजार बृद्धि भएको छ जो अघिल्लो आर्थिक वर्षमा ८१ करोड ८२ हजारले घटेको थियो । समीक्षा आर्थिक वर्षमा कम्पनीको ह्रासकट्टि पश्चात् अघिल्लो आर्थिक वर्षको खुद नोक्सानी रुपैयाँ २२ करोड ४९ लाख ३३ हजार को तुलनामा रुपैयाँ २९ करोड ७२ लाख ४३ हजार खुद मुनाफा आर्जन गर्दै अघिल्लो वर्षको नगद घाटा रुपैयाँ ८ करोड १३ लाख ७० हजारको तुलनामा यस आर्थिक वर्षमा रुपैयाँ ४१ करोड ५५ लाख २० हजार नगद मुनाफा आर्जन गर्न सफल भएकोछ ।

चालु आर्थिक वर्ष २०७९/८० को २०७९ पौष १६ गते सम्मको अवधीमा यस होटेलले अघिल्लो आर्थिक वर्षको सोही अवधीको लगभग रुपैयाँ ४५ करोडको तुलनामा कम्पनीको कुल आम्दानी लगभग रुपैयाँ ९७ करोड आर्जन गर्न सफल भएकोछ जो गत वर्षको सोही अवधिको तुलनामा दोब्बर भन्दापनि बढी हो । चालु आर्थिक वर्षको २०७९ पौष १६ गते सम्मको कोठा अक्यूपेन्सी लगभग ६० प्रतिशत रहेको छ भने अघिल्लो आर्थिक वर्षको सोही अवधिको कोठा अक्यूपेन्सी मात्र २० प्रतिशत थियो । होटेलको प्रति कोठा औसत मूल्यदर र उपलब्ध प्रति कोठा आम्दानी समेत हाम्रो कम्पनीको कार्यसम्पादनको गति तिब्र प्रगतिशिल कार्यदिशातर्फ उन्मुख रहेको परिलक्षित हुन्छ । होटेलको प्रति कोठा औसत मूल्यदर र उपलब्ध प्रति कोठा आम्दानी क्रमशः रु. ८,९१९ र रु. ५,३३१ रहेको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधीमा क्रमशः रु. ५,२९७ र १,०४३ थियो ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

संचालक समिति र व्यावस्थापन समूहको अत्यन्त राम्रो समन्वयन तथा व्यवस्थापकीय कार्यसम्पादनको कार्यकुशलता, व्यावसायीक क्षमता तथा उचित सर्तकता, कर्मचारीहरु र कर्मचारी संगठनहरुको पूर्ण सहयोग समर्थन, तथा कर्मचारीहरुको कार्यप्रतिको सक्षमताको परिणाम स्वरुप विद्यमान प्रतिकुल परिस्थितिका बाबजुद पनि कम्पनीले मुनाफा आर्जन गर्न सफल भएको जानकारी गराउन पाउदा हामीलाई ज्यादै हर्ष लागेकोछ ।

कम्पनीले होटेल संचालन सम्बन्धी खर्चहरुमा अत्यन्तै प्रभावकारी रुपमा मितव्ययीताको नीति अपनाउदै आएको छ जो निरन्तर जारी रहनेछ । कम्पनीको व्यावस्थापन र संचालन सम्बन्धी खर्चहरुलाई विश्लेषण गरी अनावश्यक खर्चहरुलाई पूर्णरुपमा नियन्त्रण गर्ने नीति लिएकोछ । कम्पनीको संचालक समितिले निरन्तर रुपमा सक्रीय भई व्यवसायीक विश्लेषण गर्दै व्यावस्थापक समूहका पदधिकारीहरुसंग प्रभावशाली र शुक्ष्म समन्वय गरीरहने समेत जानकारी अनुरोध छ ।

राष्ट्रिय परिदृश्यमा, काठमाडौंमा होटेल कोठाहरुको आपूर्तिमा सबैभन्दा ठूलो संख्यामा बृद्धि भएकोले र पाँच तारा होटेल खण्डमा व्यापार प्रबर्द्धनमा ठूलो दबाव सृजना भईरहेको भएतापनि हामी कुशल दिशानिर्देशन तथा प्रभावशाली व्यावसायीक रणनीति अपनाउदै स्वस्थ्य प्रतिष्पर्धा गर्दै खरो रुपमा उत्रने सम्बन्धमा यहाँहरु निर्धक्क हुनुभए हुन्छ । हामी राजधानीमा सञ्चालित कुनै पनि अन्तर्राष्ट्रिय सञ्जालका चेन होटेल व्यवस्थापनहरु को व्यावस्थापनको तुलनामा अब्बल रही रहनेछौं । वर्तमान आतिथ्य क्षेत्रमा परिकल्पित अस्वस्थ्य र तीब्र प्रतिस्पर्धालाई समेत भेट्न सक्ने हाम्रो व्यवस्थापन तथा कर्मचारीहरुको कार्यक्षमता रहेको जानकारी गराउदछौं । हाम्रो होटेलको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजार व्यावस्थापन तथा अन्तर्राष्ट्रिय वितरण प्रणाली प्रयोग गर्दै विश्व बजारीकरण गरिने व्यवस्था सुदृढ रहेकोले अपेक्षित लक्ष्य प्राप्त हुनेमा हामी पूर्ण विश्वस्त छौं ।

कम्पनीले नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत संचालन हुने नेपालका प्रमुख दुई नयाँ अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयसँग इनफ्लाइट केटरिंग सेवा संचालन गर्ने अनुमति पत्र प्राप्त गरि सो सम्बन्धी सम्झौता समेत गरीसकेको तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट इनफ्लाइट केटरिंग संचालन गर्ने अनुमति पत्र प्राप्त गरिसकको जानकारी समेत यहांहरु समक्ष अनुरोध छ ।

कम्पनीको शेयर लगानी रहेको भोटेकोशी पावर कर्प प्राइभेट लिमिटेडको पावरहाउस प्लान्टले भोटेकोशी जलविद्युत आयोजनाले २०७८ साल असार ३१ गते (१५जुलाई २०२१) समाप्त आर्थिक वर्षको लागि प्रति साधारण शेयर रु. १२.५ लाभांश वितरण गरेको थियो जसबाट यस कम्पनीले समिक्षा आर्थिक वर्षमा लगभग रु. १२ लाख नगद लाभांश प्राप्त गरेको छ । त्यसै गरी समिक्षा आर्थिक वर्ष २०७८/७९ मा समेत ११ प्रतिशत लाभांश दिने जनाएको छ ।

यस कम्पनीको सहायक कम्पनीको लगानी रहेको नेपालको पहिलो लिड प्रमाणित पाँच तारे वर्गिकृत हरित होटेलको रुपमा संचालित नेपालगन्जको सोल्टी वेस्टेण्ड प्रिमियर होटेलको कार्यसम्पादनमा समेत महत्वपूर्ण प्रगति भएको जानकारी गराउदछौं ।

यस कम्पनीको सहायक कम्पनी श्री एच आई सोल्टी होटल कम्पनी प्राइभेट लिमिटेडबाट विदेशी लगानीकर्ता, होलिडे इन्स इन्भेस्टमेन्ट नेपाल लिमिटेड, हङकङले समीक्षा आर्थिक वर्षमा विदेशी लगानीकर्ताबाट उक्त कम्पनीमा भएको बिदेशी लगानी फिर्ता लगेपछि उक्त सहायक कम्पनीले कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनीको स्वेच्छिक खारेजी (लिक्विडेशन) को प्रक्रिया शुरु गरेकोछ ।

यस कम्पनीको पूर्ण स्वामित्व रहेको अर्को सहायक कम्पनी श्री सोल्टी हस्पिटालिटी लिमिटेडको स्वमित्वमा रहेका यस कम्पनीका ट्रेडनाम र ट्रेडमार्क "सोल्टी वेष्टेन्ड प्रिमियर" "सोल्टी वेष्टेन्ड" र "सोल्टी वेष्टेन्ड रिसोर्ट्स" को ट्रेडमार्क प्रयोग गरी नेपालको लुम्बिनी प्रदेशको नेपालगञ्जमा सोल्टी वेष्टेन्ड प्रिमियर, बागमती प्रदेशको चितवनमा सोल्टी वेष्टेन्ड रिसोर्ट्स तथा प्रदेश नम्बर १ को इटहरीमा सोल्टी वेस्टेन्ड गरी तीन होटेलहरुसंग ट्रेडनाम र ट्रेडमार्क प्रयोग गरी होटेल व्यावस्थापन गर्ने सम्झौता भए अनुरुप सोल्टी होटेलको ब्राण्ड चेन होटेलको रुपमा बिस्तार शुरु गरिएको जानकारी अनुरोध गर्दछु । ब्रान्ड, ट्रेड नाम र ट्रेडमार्कको व्यावस्थापन सहायक कम्पनी श्री सोल्टी हस्पिटालिटी लिमिटेड मार्फत सोल्टी होटेलले सम्बन्धीत होटेलका धनी कम्पनीहरु बीच त्रिपक्षिए ट्रेडमार्क इजाजतपत्र सम्झौताको व्यवस्था अन्तर्गत कम्पनीको ब्रान्ड, ट्रेडनाम र ट्रेडमार्क प्रयोग गरी होटेल व्यवस्थापन तथा सञ्चालनको मापदण्ड सुनिश्चित गरी होटेलहरु सोल्टी ब्राण्डमा सञ्चालित भएका छन् र भविष्यमा अरु होटेल समेत सञ्चालनमा आउन सक्नेछन् ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

आतिथ्य सत्कार सेवा क्षेत्रमा सोल्टी होटेलले विगत ५६ वर्ष देखि निरन्तर रुपमा अग्रणीय भूमिका निर्वाह गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय यात्रु, पर्यटक, अतिथि, विशिष्ट तथा अतिविशिष्ट अतिथिहरुलाई अन्तर्राष्ट्रिय स्तर र मापदण्ड अनुसारको उत्कृष्ट सेवा, अन्तर्राष्ट्रिय स्तरको खानपानका परिकार तथा उत्पादनहरु तथा उत्कृष्टतम आतिथ्य सेवा सुविधाहरु प्रदान गर्दै ख्याति र प्रशिद्धी प्राप्त गर्दै आएको यहाँहरु सबैँलाई अवगत नै छ ।

कम्पनीले निरन्तर रुपमा अत्याधुनिक अन्तर्राष्ट्रिय मापदण्ड र आधुनिकतम प्रविधिहरुबाट होटेललाई शुसज्जित तथा शुशोभित गर्ने गरेकोछ सोही सबलीकरणको क्रममा साविकको भौतिक संरचना तथा आतिथ्य सेवा सुविधाहरुको पुर्ननिर्माण तथा स्तरोन्नति गर्दै पर्यटक तथा अतिथिलाई नयाँ आतिथ्य अनुभवको अनुभुति प्रदान गर्ने तथा नौलो प्रस्तुतिका लागि आतिथ्यताको क्षेत्रमा सदैव नविनतम प्रविधिको प्रयोग, अत्याधुनिक सेवाको सुलभता, आत्मीयताको उच्चतम प्रदर्शन गर्ने, नौलो उत्साह तथा जागर पुर्नताजगी गर्ने जस्ता प्रगति उन्मुख र विकासोन्मुख क्रियाकलाप गर्दै पर्यटक अतिथि पाहुनाहरुको सेवामा सक्रीय रहदै विशिष्ट र उदाहरणीय आतिथ्यता प्रवाह गर्दै आएकोछ । सोही क्रमलाई निरन्तरता दिदै चालु आर्थिक वर्षमा कम्पनिले होटेलको मुख्य प्रवेशद्वार, आतिथी प्रवेश कक्ष (लबि), नयाँ सभाकक्ष "मार्भा" र भित्र र बाहिर बस्न सकिने व्यवस्था सहितको स्पोर्ट्स बार सम्बन्धी परियोजनाको पहिलो चरणको काम पुरा गरी सञ्चालनमा ल्याई सकेकोछ ।

उक्त स्तरोन्नति सम्बन्धी परियोजनाको दोश्रो चरणको बाँकी काम, अतिथि स्वागतार्थ रहने बार, र अतिथि आगमन स्वागत अनुभव कक्ष, अतिविशिष्ट रोयल सूइटहरु लगायतका भौतिक संरचनाहरुको स्तरोन्नति तथा पुर्ननिर्माण, विस्तार तथा सबलिकरण गर्ने सम्बन्धी निर्माण कार्य पनि चालु आर्थिक वर्ष अन्त्य हुनु अघि नै सम्पन्न गर्ने कार्ययोजना रहेको छ । त्यसैगरी होटेलको भौतिक परिसर परिदृश्य तथा मुख्यद्वारको सौन्दर्यकरण तथा मनमोहक र आकर्षक विद्युतिय प्रकाश व्यवस्था, तथा कोठाहरुको स्तरोन्नतिको लागि समेत परियोजनाको परिकल्पना रेखाचित्र यसै चालु वर्षमा तयार गरि सोको कार्यान्वन समेत शुरु गर्ने कार्ययोजना रहेकोछ । भौतिक संरचनाहरुको माध्यमबाट प्रदान गरिने सेवा सुविधाहरुको पुर्ननिर्माण, स्तरोन्नति तथा आधुनिकिकरण गर्ने कार्य निरन्तर जारी राखिने छ जसबाट आधुनिक नविनतम प्रविधियुक्त नवआगन्तुक प्रतिश्पर्धि होटेलहरुको तुलनामा समेत हाम्रो होटेल अग्रणीय र उत्कृष्ट बनि रहोस् ।

कम्पनीको व्यवसायीक गतिबिधिहरुलाई विविधिकरण गर्ने, विस्तार गर्ने, तथा आतिथ्य क्षेत्रका अन्य व्यावसायीक खण्डहरुमा लगानी विस्तार गर्ने रणनीति अनुरुप कार्ययोजना तयार भईरहेको समेत जानकारी अनुरोध छ । नेपालको आतिथ्य क्षेत्रमा हाम्रो पहुँच र उल्लेख्य उपस्थिति सुनिश्चत गर्नेतर्फ हामी सदैव अग्रसर रहेका छौं । साथै भविश्यमा कम्पनीमा आईपर्ने अनिश्चित, अप्रत्याशित र अनपेक्षित व्यवसायीक चुनौतिहरु र प्रतिकुलताहरु लाई दृढताका साथ रणनीतिक कार्यनीति सहित सामना गर्नमा हाम्रो कम्पनी सक्षम रहेको समेत अनुरोध छ ।

कम्पनीसंग विद्यमान आर्थिक श्रोत, आर्थिक संसाधनहरु र वित्तीय श्रोतहरुलाई सञ्चय, जोह, र संरक्षण गर्नुपर्ने चालु प्रतिकूल अवस्थालाई सुक्ष्म अध्ययन तथा विश्लेषण गर्दै कम्पनी निरन्तर अग्रगतिमा प्रगति पथमा अगाडी बढ्ने कार्ययोजना रहेकोछ ।

कम्पनीको संचालक समितिमा यस सम्बन्धमा विस्तृत छलफल तथा विवेचना पश्चात् आर्थिक वर्ष २०७८/७९ वर्षमा मुनाफाबाट खुद मुनाफा आर्जन गरेको परिप्रेक्ष्यमा कम्पनीको लिन मन्जुर तथा पूर्ण चुक्ता भएको शेयर पूँजीको २१.३१५७८९४७% दरले नगद लाभांश वितरण गर्न सिफारिश गरेको छ यसका साथै सञ्चालक समितिले कम्पनीका शेयरधनी महानुभावहरुलाई कम्पनीको लिन मन्जुर तथा पूर्ण चुक्ता शेयर पूँजीको ५ प्रतिशत बोनश शेयर वितरण गर्न समेत सिफारिश गरेको छ । बोनश शेयर सभाबाट पारित भएपछि नियामक निकायबाट आवश्यक अनुमति पश्चात वितरण गरिने जानकारी समेत अनुरोध छ ।

कम्पनीको व्यवस्थापन पक्ष, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको जानकारी गराउदछु । विषम परिस्थितिमा व्यवस्थापन, कर्मचारीहरु र कर्मचारी संगठनहरु बीचको समन्वय अत्यन्त राम्रो र प्रशंसनीय रहेको छ । उहाँहरु सबैको सकारात्मक सोचहरुलाई सराहना तथा प्रशंसा गर्दै यस प्रकारको सौहार्दताले कम्पनीको भविष्य निर्माण गर्न हामीलाई थप हौसला तथा प्रोत्साहन मिल्ने छ ।

**आदरणीय शेयरधनी महानुभावहरु**

विषम तथा प्रतिकुल परिस्थितिमा समेत कम्पनीका कर्मचारीहरु, कर्मचारी संगठनहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु र सञ्चालक समितिका सदस्यज्यूहरुबाट कम्पनी प्रति देखाउनुभएको अपार र असिम स्नेह र माया अत्यन्त प्रेरणादायक, स्मरणीय, र कदरयोग्य रहेको उल्लेख गर्न चाहन्छौं । कम्पनीलाई आईपर्ने सङ्कटको बेला कम्पनीको सञ्चालक समिति, कामदार कर्मचारीहरु, कर्मचारी संगठनहरु र उच्चतहको व्यावस्थापन समूह एक ढिक्का भएर उभिएको उदाहरणीय कार्य संभवत: सोल्टीको कर्पोरेट जगतमा विशेषता रुपमा आईसकेको छ र यो कम्पनीको संगठीत संस्था संस्कारको मियो हो भन्दा अत्युक्ति नहोला । कम्पनीलाई पर्नसक्ने दूरगामी आर्थिक संकट निदानका लागि चिन्तन गर्दै अग्रसरता देखाउनु हुने हाम्रा कर्मठ, कर्तव्यनिष्ठ तथा कम्पनी प्रति निष्ठावान कर्मचारी र कर्मचारी संगठनहरुबाट प्रतिकूल प्रभावको कारण पर्नसक्ने दूरगामी आर्थिक मन्दिबाट कम्पनीलाई जोगाउनका लागि गर्नुभएको प्रशंसनीय सहयोग र समर्थनलाई पुन: कदर गर्दछौं ।

कर्मचारीहरु, कर्मचारी संगठनहरु, उच्च व्यवस्थापन समूहका पदाधिकारीहरु, र सञ्चालक समितिका सदस्यज्यूहरु सबैमा हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्दछु ।

आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीलाई दिनुभएको अमूल्य सुझाव र सल्लाह प्रति म कृतज्ञता ज्ञापन गर्दछु । साथै, शेयरधनी महानुभावहरुले कम्पनीको संचालक समिति र व्यवस्थापन प्रति देखाउदै आउनु भएको असिम विश्वास एवं भरोसा प्रति हृदय देखि नै धन्यवाद एवं आभार प्रकट गर्दछु ।

कम्पनीको प्रत्येक वार्षिक साधारण सभामा सक्रीय सहभागिता जनाई यहांहरुको निरन्तर अमूल्य मार्ग सुझाव, नैतिक सहयोग र समर्थनका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति म र संचालक समिति आभार एवं कृतज्ञता ज्ञापन गर्दछु ।

कम्पनीलाई निरन्तर सहयोग र संरक्षण प्रदान गर्नुहुने होटेलमा पाल्नुहुने सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुनाहरु, हामीलाई पाहुना उपलब्ध गराउनु हुने ट्राभल एजेन्सीहरु, एयरलाईन्स कम्पनीहरु, अन्य एजेन्सीहरु, हाम्रो परिकल्पना, योजना र आवश्यकता अनुरुप आधारभूत संरचनालाई साकार र सुनियोजित पार्नुहुने परियोजना परामर्शदाताहरु, आधारभूत संरचनालाई मूर्तरुप दिदै आवश्यकता अनुसार सेवा उपलब्ध गराउनु हुने संरचना निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु, कम्पनीका शेयर रजिष्ट्रार, एनआईबिएल एस क्यापिटल लिमिटेड, तथा अन्य सेवा प्रदायकहरुलाई संचालक समिति र मेरो तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा, सञ्चालक समितिको तर्फबाट म नेपाल सरकार, पर्यटन मन्त्रालय तथा पर्यटन विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल स्टक एक्सचेंज लि., नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिंग कम्पनी लि. एवं अन्य सरकारी तथा नियामक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई आ-आफ्नो ठाउँबाट पुर्‍याउदै आउनुभएको निरन्तर महत्वपूर्ण योगदानका लागि हार्दिक आभार व्यक्त गर्दछु !

हार्दिक धन्यवाद !

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची २

(४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या ११ संग सम्बन्धित)

## छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७८/७९ (२०२१/२२) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७८/७९ (२०२१/२२) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तव्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभए बमोजिम सभामा निम्नलिखित ३ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुँदै आ-आफ्ना मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो ।

## छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेको छ :–

| क्रम सख्या | वक्ता शेयरधनीको नाम | शेयरधनी नम्बर / हितग्राही खाता नम्बर | धारण गरेको शेयर संख्या (प्रति शेयर रु. १० का दरको) |
|---|---|---|---|
| १ | श्री सुदीप श्रेष्ठ | १३०१०९०००००१३५६२ | १६१ |
| २ | श्री दशरथ रिसाल | १३०११७००००१९०७२१ | ११ |
| ३ | श्री राम कृष्ण पन्त | १३०११२००००२७८३३६ | २६७ |

## छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण

छलफलको क्रममा सहभागी वक्ता शेयरधनी महानुभावहरुले बुँदागत रुपमा निम्नलिखित मन्तव्य, जिज्ञाशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

### १. श्री सुदिप श्रेष्ठ

१. सोल्टी होटेल लिमिटेडका संचालक समितिका सदस्यज्यूहरु, कम्पनीको व्यावस्थापन समूहका पदाधिकारीज्यूहरु र यस कम्पनकि शेयरधनी महानुभावहरुमा सादर नमस्कार छ ।

२. यस कम्पनीको ४८औं वार्षिक साधारण सभाको यस समारोहमा दुई शब्द व्यक्त गर्ने अवसर प्रदान गर्नु भएकोमा कम्पनीका कार्यकारी अध्यक्ष तथा कम्पनी सचिवज्यूलाई हार्दिक धन्यवाद ।

२. आर्थिक वर्ष २०७८/७९ को लागि कम्पनीको संचालक समितिले प्रस्तावित गरेको २१.३२ प्रतिशत नगद लाभांश र ५ प्रतिशत बोनस शेयरका लागि हार्दिक धन्यवाद छ ।

३. विश्व अर्थतन्त्रमा देखिएको उच्च मुद्रास्फीतिको कारणले अमेरिकी डलरको तुलानामा नेपाली मुद्रालाई थप कमजोर बनाएको छ । बढदो मुद्रास्फीति र कमजोर विश्व अर्थतन्त्रले पर्यटनमा आधारित हाम्रो यस सोल्टी होटेल लिमिटेडको खुद मुनाफामा समेत असर पारेको हुनु पर्दछ भन्ने मेरो आकलन हो तथापी यस सम्बन्धमा संचालक समितिको धारणा बेग्लै हुन सक्दछ ।

४. नेपालको पर्यटन क्षेत्र भनेको हाम्रो देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । पर्यटन क्षेत्रको विकास राम्रो भयो भने आतिथ्य उद्योगको विस्तार पनि राम्रो हुने गर्दछ । वर्तमान अवस्थालाई विश्लेषण गर्दा नेपालको पर्यटन क्षेत्र पहिलाको भन्दा क्रमिक रुपले बढेको देखिन्छ । पर्यटन क्षेत्र क्रमिक रुपले विकास हुँदै गइरहेको छ र पर्यटकहरुको आगमन पनि क्रमिक रुपले बढ्दै गइरहेको हुनाले यस सोल्टी होटेलले आफ्ना शेयरधनीहरुलाई बोनस शेयर र नगद लाभांश बाड्न सक्षम भएको हो ।

५. चालु आर्थिक वर्षको होटेलको अक्यूपेन्सी दर कति छ र कम्पनीको भावि योजनाहरु के के रहेका छन् प्रष्ट पारिदिनुहोला ।

## २. श्री दशरथ रिसाल

१. सर्वप्रथम, यस ४८औ वार्षिक साधारण सभाका अध्यक्षज्यू, संचालक समितिका सदस्यज्यूहरु, शेयरधनी मित्रहरु, व्यवस्थापनका समूहका कर्मचारी साथीहरु, पत्रकार मित्रहरु, विभिन्न संघ संस्थानहरुबाट प्रतिनिधित्व गर्नुहुने व्यक्तिहलाई न्यानो स्वागत तथा अभिवादन ।

२. धेरै कुराहरु कार्यकारी अध्यक्षज्यूको सम्बोधनमा प्रष्ट भई सकेको छ । कम्पनीको समिक्षा आर्थिक वर्षको कार्यसम्पादनको परिणाम राम्रो छ ।

३. कम्पनीले आफ्ना शेयरधनीहरुलाई ५% बोनस शेयर र २१.३२% नगद लाभांश दिन प्रस्ताव गरेकोमा कार्यकारी अध्यक्षज्यू र संचालक समितिका सदस्यज्यूहरुमा हार्दिक धन्यवाद छ । बोनस शेयर र नगद लाभांश वितरण गर्ने अवस्थामा पुर्‍याउने कार्यले हाम्रो होटेल व्यवस्थापनको कुशल र उच्च कार्यक्षमताको प्रर्दशन गर्दछ । शेयरधनीहरुलाई राम्रो प्रतिफल दिनुभएकोमा यहाँहरुलाई धेरै धेरै धन्यवाद छ ।

४. कम्पनीले समिक्षा आर्थिक वर्षमा अत्यन्त राम्रो कार्यसम्पादन गरेकोमा हामीलाई खुशी लागेको छ । गत आर्थिक वर्ष नोक्सानीमा रहेको हाम्रो कम्पनीले गत वर्षको नोक्सानीको परिपूर्ति गर्दै समिक्षा आर्थिक वर्षमा लगभग ३० करोड मुनाफामा आर्जन गर्न सफल हुनु भनको ठुलो उपलब्धी हो र यसका लागि पुनः हार्दिक धन्यवाद । हामी अपेक्षा गरौं चालु आर्थिक वर्षमा पर्यटक आगमनको विस्तार भई रहेको सन्दर्भमा कम्पनीका कार्यकारी अध्यक्षज्यूले परिकल्पना गर्नुभए जस्तै आगामी आर्थिक वर्षमा कम्पनीलाई समिक्षा आर्थिक वर्षको दाँजोमा दोब्बर मुनाफा आर्जन गर्नमा सफलता मिलोस् ।

५. सोल्टी होटेलले अर्न्तराष्ट्रिय चेन होटेलहरुले जस्तै नेपालको आफ्नै ब्राण्डमा कुशलतापूर्वक चेन होटेल व्यावस्थापन गर्न सक्षम छ भन्ने कुरालाई प्रमाणित गरेर देखाएको छ । नेपालमा परिणाममुखी होटेल व्यावस्थापन गर्न अर्न्तराष्ट्रिय चेन होटेल कम्पनी नै चाहिन्छ भन्ने भ्रम चिर्न सफल भएकोछ । अर्न्तराष्ट्रिय ब्राण्ड नभइ नेपालमा होटेल चल्दैनन् भन्ने कुरा सोल्टीको कर्यासम्पादनको परिणामले असत्य सावित गरेको छ ।

६. कम्पनीका कार्यकारी अध्यक्षज्यूको सक्रियतामा सोल्टीका विभिन्न ब्राण्ड खडा भएका छन र ती ब्राण्डहरु चली रहेका छन त्यसका लागि उहाँ र व्यावस्थापन समूहलाई धेरै धेरै धन्यवाद छ । अब कम्पनीले नेपालमा अन्य होटेलमा आफ्नो लगानी गर्ने वा होटेल व्यावस्थापन तथा सञ्चालन गर्ने कार्यलाई तिब्रता दिनु पर्दछ । सोल्टी ब्राण्ड नेपालगञ्ज, चितवन र इटहरीमा पुगिसकेकोछ र विश्वास गरौं निकट भविष्यमा पोखरामा पनि आफ्नो लगानी र व्यवस्थापनमा सोल्टी ब्राण्ड को अर्को होटेल सञ्चालनमा आउनेछ ।

७. नेपालमा सञ्चालन हुने नयाँ अन्तराष्ट्रिय क्षेत्रीय विमानस्थल भैरहवा र पोखरामा पनि सोल्टी होटेलले फ्लाइट केटरिंग गर्न अनुमति पाएको जानकारी अध्यक्षज्यूको सम्बोधनमा आएको छ । यो ज्यादै राम्रो र सराहनीय कार्यहो यसका लागि धन्यवाद ।

८. होटेल व्यावस्थापन, सोल्टीको ब्राण्ड सबलिकरण र विस्तारमा कार्यकारी अध्यक्षज्यू, संचालक समितिका सदस्यज्यूहरु, उपाध्यक्षज्यू र व्यवस्थापन समुहको एकदम नै तालमाल र समन्वय रहेको भएर नै यो सफलता मिलेको हुनु पर्दछ ।

९. कम्पनीका कार्यकारी अध्यक्षज्यू, र उपाध्यक्ष श्री सुदर्शन चापागाईज्यू बीच काम र व्यवसायीक दक्षताका हिसाबले उहाँहरु एउटै क्षेत्र चार्टर्ड एकाउण्टेन्टस् भएकाले पनि हुन सक्दछ अत्यन्त राम्रो पेशागत लय र समन्वय मिलेको अवस्था छ र कम्पनीमा धेरै राम्रो कार्यसम्पादन भइ राखेको छ । हामीलाई विश्वास छ, आगामी दिनहरुमा पनि उहाँहरुबाट राम्रो कार्यसम्पादन भईनै रहनेछ ।

## ३. श्री राम कृष्ण पन्त

१. कम्पनीको यस ४८औं वार्षिक साधारण सभाका सभापति, संचालक समितिका सदस्यज्यूहरु, कम्पनीका पधादिकारीज्यूहरु तथा शेयरधनी साथिहरुमा हार्दिक अभिवादन एवं नमस्कार ।

२. शेयरधनी साथिहरु कम्पनीको ४८औं वार्षिक साधारण सभा अत्यन्त महत्वपुर्ण यस अर्थमा छ कि आज हामीहरु समक्ष उपस्थित कम्पनीको कार्यसम्पादन गर्ने कुशल र निपूर्ण व्यक्तित्वहरु मञ्चमा विराजमान हुनुहुन्छ ।

३. कम्पनीको व्यावसायमा आईपर्ने प्रत्येक प्रतिकुल पस्थितिहरु चाहे त्यो द्वन्द्वकाल होस् वा महाभुकम्प होस् वा हलासालको कोरोना भाइरसको महामारीको अवस्था प्रत्येक परिस्थितिको सूक्ष्म विश्लेषण गरी उचित व्यवसायीक रणनीति अपनाई होटेल सञ्चालन गर्ने कार्यकारी अध्यक्षज्यू, सञ्चालक समिति तथा कम्पनीको व्यावस्थापन समूहको कार्यकुशलता तथा व्यवसायिक क्षमताको परिणामस्वरुप आज विपरित परिस्थिति तथा प्रतिकुलताको अवस्थामा पनि कम्पनीका शेयरधनीहरुले लगानीको प्रतिफल यथावत प्राप्त गर्न सफल भएको अवस्था छ ।

४. यस्तो महत्वपूर्ण तथा प्रतिफल सापेक्ष निरन्तर उतकृष्ट कार्यसम्पादन गर्ने हाम्रा कुशल कार्यकारी अध्यक्षज्यू, सञ्चालक समितिका सदस्यज्यूहरु र कम्पनीको व्यावस्थापन समूहका कर्मठ साथीहरुलाई हामीले पुरस्कृत, सम्मान, तथा प्रोत्साहित गर्नुपर्दछ जसले गर्दा वहाँहरुको उत्साह तथा हौसला दोब्बर होस् र कम्पनीको उत्तरोत्तर प्रगती हुन सकोस् भन्दै उपस्थित सबै शेयरधनी महानुभावहरुलाई ताली बजाएर समर्थन गरिदिनुहुन प्रस्ताव गर्नुहुदा सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर सोको समर्थन गर्दै हौसला तथा सम्मान जाहेर गर्नुभयो ।

५. आर्थिक वर्ष २०५८/५९ हाम्रो कम्पनीको लगभग ५ करोड ९६ लाख खुद नोक्सानी थियो जसलाई वर्तमान कार्यकारी अध्यक्ष श्री बिष्टज्यूले कम्पनी संचालन गर्ने जिम्मेवारी ग्रहण गरी कार्यभार सम्भाले पछि घाटाउदै लग्नु भयो र अन्ततत: आर्थिक वर्ष २०६३/६४ मा घाटालाई परिपूर्ति गर्नुभयो र तत्पश्चात् प्राकृतिक विपत्तीको अवस्था वाहेक निरन्तर कम्पनीलाई सफलतापूर्वक मुनाफामा सञ्चालन गर्दै आउनु भएको छ । साथै कम्पनीका शेयरधनीहरुलाई लाभाशं समेत निरन्तर बाँडदै आउनु भएको छ ।

६. वहाँले कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको कुशल कार्यसम्पादनको उच्च मुल्यांकन गर्दै मुक्तकण्ठले प्रशंसा गर्दै श्री बिष्टज्यूको जस्तो सुकै परिस्थितिलाई पनि सम्हालेर संस्थालाई आर्थिक उन्नती दिलाउन सक्ने विवेकशिलता, बुद्धिमत्ता र दुरदर्शिक्षमता तथा समन्वयन गर्न सक्ने कार्यकुशलताको कारण कम्पनीले निरन्तर प्रगति गरीरहेको उल्लेख गर्नुहुदै उत्प्रेरणा गर्नका लागि शेयरधनीहरुले उहाँलाई प्रोत्साहित तथा पुरस्कृत गर्नु पर्छ भन्नुभयो ।

७. होटेलको आगमन कक्ष (लबी) को स्तरोन्नती भएको आन्तरिक स्पोर्ट्स बार, नयाँ सभाकक्ष र पुरानो सभा कक्षको साज सज्जा र सजावटलाई नयाँ र परिष्कृत तथा सुधार गरी समय सान्दर्भिकताका साथ पूर्णरूपमा स्तरोन्निति गरी आधुनिकिरण गरिएको छ जसबाट नवआगन्तुक प्रतिष्पर्धी होटेलहरु सँग प्रतिष्पर्धा गर्न सकियोस् ।

८. सभामा बोल्ने मौका दिनु भएकोमा अध्यक्षज्यू तथा संचालक समितिका सदस्यज्यूहरुमा हार्दिक धन्यवाद सहित यो संचालक समितिको टिम अत्यन्तै राम्रो मिलेको छ, अनुभवि तथा व्यावसायीक दक्षता हासिल व्यक्तित्वहरु हुनुहुन्छ दक्ष भएकाले नै कम्पनी धेरै प्रगति गर्न सफल भएको हो भन्नु भयो ।

यस पछि कम्पनीको ४८औं बार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुको तर्फबाट मन्तब्य राख्ने क्रम सकिएको थियो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची ३

(४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १२ संग सम्बन्धित)

**सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर**

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तव्य, जिज्ञाशा एवं सरहाना प्रति आभार व्यक्त गर्दै, वक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नु भएको जिज्ञाशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा निम्नलिखित प्रत्युत्तर दिनु भएको थियो :

**शेयरधनी महानुभावहरुले उठाउनु भएका कुराहरुको कार्यकारी अध्यक्षले दिनुभएको जवाफ**

१. आदरणीय शेयरधनी महानुभावहरुले समिक्षा आर्थिक वर्षको कम्पनीको राम्रो कार्यसम्पादन भएकोमा अभिव्यक्त गर्नुभएको सराहना एवं प्रशम्सालाई शिरोधार्य गर्दै कम्पनीको कार्यसम्पादनको परिणाम प्रति सन्तोष व्यक्त गर्नु भएकोमा म हृदय देखि नै अभार तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु । यहांहरुको यो प्रोत्साहन, हौसला र सम्मानले हामीलाई उत्तरोत्तर राम्रो कार्यसम्पादन गर्ने तर्फ उन्मुख रहन र अग्रगामी लक्ष्यतर्फ अग्रसरता प्रदान गर्नेछ भन्ने मेरो विश्लेषण छ । साथै, यहाँहरुबाट प्राप्त समर्थनका लागि म सञ्चालक समिति, व्यावस्थापन समूह तथा सम्पूर्ण सोल्टी परिवारको तर्फबाट शेयरधनी महानुभावहरु प्रति सहृदय कृतज्ञ छु, भन्नुहुदै हार्दिक धन्यवाद दिनुभयो ।

२. समिक्षा आर्थिक वर्षको उत्कृष्ट कार्यसम्पादनमा हरेक चुतौतिलाई सामना गर्ने हाम्रा कर्मशिल कर्मचारीहरु, व्यावस्थापन समुहका उच्च पदस्थ प्रबन्धकहरु, सञ्चालक सामितीका सदस्यहरु, उपाध्यक्ष, महाप्रबन्धक, विभागीय प्रमुखहरु लगायत सम्पूर्ण सोल्टी परिवारको एकत्रीत सामुहिक प्रयासबाट मात्रै राम्रो कार्यसम्पादन संभव भएको र यो सफलतामा सबैको सशक्त भुमिका तथा योगदान रहेकोले मात्रै हामीले राम्रो प्रतिफल आर्जन गर्न सकेका हौं भन्नुभयो । कार्यप्रतिको तिक्ष्ण सर्मपण, लगनशिल कार्यशैली, रणनीतिक व्यावस्थापकीय कार्यदिशा, लक्ष्यकेन्द्रित दृष्टिकोण, समझदारीपूर्ण तालमेल, परिणाममुखी बजार व्यवस्थापन, तथा लक्ष्य प्राप्तिको अभेद्य परिश्रमको कारण समिक्षा आर्थिक वर्ष २०७८/७९ को प्रतिफल राम्रो भएको हो भन्नु हुदै सबैलाई यस सभाबाट अभिव्यक्त सराहनाले हौसला मिल्नेछ भन्नुभयो ।

३. आदरणीय शेयरधनी वक्ता द्वय श्री राम कृष्ण पन्तज्यू र श्री दशरथ रिसालज्यूले विश्लेषण गरे जस्तै कम्पनीको मुनाफाको अवस्थामा वास्तवमानै आमुल परिवर्तन भएकै हो । गत वर्षको वार्षिक साधारण सभाको बेला जो यसै समयमा भएको थियो कम्पनी मुनाफामा थिएन । गत वर्ष जनवरी पश्चात् हामी आम्दानी र खर्चका विभिन्न आयामहरुमा केन्द्रित भई रणनीतिक व्यवसायीक कार्यशैली अनुसार अगाडी बढ्यौं, लक्ष्य प्रति केन्द्रित रहेर कार्य गर्‍यौं, सञ्चलन लागत कटौति गर्दै सम्भावित सबै व्यावसायीक आयाम र अवयवहरुलाई स्पन्दन प्रदान गर्दै तिब्र प्रतिलाभ तर्फअगाडी बढेका थियौं, परिणामत उपलब्धी यहांहरु समक्ष परिलक्षित छ । होटेल सञ्चालन लागत घटेको छ र यो प्रक्रिया निरन्तर जारी रहनेछ । औचित्यपूर्ण खर्च गर्ने र अनावश्यक खर्च नियन्त्रण गर्ने, होटेलका उत्पादन तथा सेवाहरु को विस्तार गर्दै सेवा सुविधाहरुको विविधिकरण गर्ने गरिएकोछ जसले गर्दा सञ्चालन लागतमा न्यूनीकरण हुनेछ ।

४. होटेल सञ्चालन तथा व्यावस्थापनको विविध आयामहरुको सही र समूचित क्षेत्रगत सुधारको सम्बन्धमा कम्पनीको संचालक समितिमा विस्तृतरुपमा छलफल हुने गरेको छ र धेरै जसो क्षेत्रहरुमा हामीले सुधार गरि सकेका छौं भने केही क्षेत्रहरमा सुधार गर्ने क्रम तिब्र छ र सबै क्षेत्रमा औचित्यपूर्ण खर्चलाई मात्र स्थापित गर्नसक्यौं भने कम्पनीको लाभदायीकतामा महत्वपूर्ण अभिबृद्धि हुने पक्का छ । यसबाट कम्पनीको मुनाफा बढी कम्पनीको वित्तीय अवस्था सुदृढ हुनेछ ।

५. आदरणीय शेयरधनी महानुभावले परिकल्पना गर्नुभए जस्तै निश्चित रुपमा आगामी आर्थिक वर्ष पनि मुनाफाको परिप्रेक्ष्यमा हामी अग्रस्थानमा रहनेछौं । कम्पनीको प्रकाशित २०७९ आश्विन सम्मको तीन महिनाको कार्यसम्पादन गत वर्षको तुलनामा निक्कै राम्रो रहेको छ । पर्यटकको आगमन बढेको र पर्यटनका लागि विश्व खुल्दै गरेको परिप्रेक्ष्यमा, कम्पनीको विगत छ महिनाको कार्यसम्पादन तथा कार्यप्रगति राम्रै रहेकोले यही क्रम तथा बजार व्यवस्थापनको परिस्थिति र ट्रेन्डको निरन्तरता जारी रहेको खण्डमा र आगामी छ महिनामा कुनै भवितव्य र प्राकृतिक विपत्ति नपरी सामान्य अवस्था रही रहेमा हामीले समिक्षा वर्षको कार्यसम्पादनको रेकर्ड तोड्न सकिने अनुमान गरेका छौं ।

६. कम्पनीको समिक्षा आर्थिक वर्ष २०७८/७९ को मुनाफा आर्जन वास्तवमा गौरवपूर्ण यस अर्थमा पनि छ कि सो समिक्षा वर्ष अत्यन्तै चुनौतिपूर्ण वर्ष थियो । यहाँहरुलाई जानकारी गराउन पाउदा हर्ष लागेको छ कि समिक्षा आर्थिक वर्षको मुनाफा

कम्पनीको इतिहासकै उच्चतम र ऐतिहासिक कीर्तिमान मुनाफा रहेको छ। कम्पनीले कार्यसम्पादनमा रेकर्ड कायम गर्न सफल भएको छ।

७. आदरणीय शेयरधनी महानुभावहरु यहांहरु निर्धक्क हुनुभए हुन्छ कुनै भवितव्य र प्राकृतिक विपत्ति नपरी सामान्य अवस्था रही रहेमा चालु आर्थिक वर्ष पनि हामीले उत्कृष्ठ कार्यसम्पादन गर्नेछौं र मुनाफामा कीर्तिमान स्थापित गर्ने सफल हुनेछौं।

८. अन्त्यमा आदरणीय शेयरधनी महानुभावहरु यस सभामा प्रकट गर्नुभएको सराहना प्रति हृदय देखि नै धन्यवाद दिन चाहन्छु। याहँहरुले जुन किसिमको उत्साह र प्रोत्साहित दिनु भयो, हौसलापूर्ण उदघोष गर्नुभयो त्यसले हाम्रो मनोबल बढेको छ हामीमा कार्यशील उर्जा थपिएको छ जसबाट हामीहरु ज्यादै अनुगृहित भएका छौं।

९. आदरणीय शेयरधनी महानुभावहरुमा यहाँहरु यस सभामा उपस्थित हुनुभई हाम्रो उत्साह, सराहना र हौसला बुलन्द गर्नका लागि उत्कृष्ट कार्यसम्पादनका केही शब्दहरू बोली दिनु भएकोमा यहाँहरु सबैलाई म हृदय देखि नै आभार तथा कृतज्ञता प्रकट गर्दै पुन विशेष धन्यवाद दिन चाहन्छु। हार्दिक धन्यवाद।

अन्त्यमा कार्यकारी अध्यक्षज्यूले सभामा सहभागी सबै शेयरधनीमहानुभावहरुमा हार्दिक अनुग्रह तथा धन्यवाद दिनुहुँदै आफ्नो प्रत्युत्तरको क्रम समाप्त गर्नुभयो।

सभापतिज्यूले शेयरधनी महानुभावहरुको जिज्ञाशा र प्रश्नहरुको प्रत्युत्तर दिनुभए पश्चात् सभा समक्ष बाँकी छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नुभएको थियो।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची ४

(४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १३(क)४ संग सम्बन्धित)

**लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्षबाट लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ४८औं वार्षिक साधारण सभामा समान्य प्रस्तावको सिफारिश सम्बन्धी प्रस्तुती**

४८औं वार्षिक साधारण सभाका सभापतिको अनुमतीले कम्पनीका लेखापरीक्षण समितिको तर्फबाट सो समितिका अध्यक्ष, **श्री रवि भक्त श्रेष्ठज्यू**ले सभा समक्ष कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी प्रस्तावको बिषयमा निम्नलिखित लेखासमितिको सिफारिश प्रस्तुत गर्नु भएको थियो :–

**आदरणीय शेयरधनी महानुभावज्यूहरु उपस्थित महिला एवं सज्जनबृन्द,**

आदरणीय शेयरधनी महानुभावहरु, यहांहरुलाई कम्पनीको यस ४८औं वार्षिक साधारण सभामा म, लेखापरिक्षण समिती तथा कम्पनीको तर्फबाट यस स्वर्णनिम बिहानीमा हार्दिक स्वागत तथा अभिवादन सहित अभिनन्दन गर्दछु ।

चालू आर्थिक वर्ष २०७९/८० को लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक विषयको सम्बन्धमा मिति २०७९ आश्विन १४ गते शुक्रवारका दिन कम्पनीको लेखापरीक्षण समितिको ७९औं बैठकमा विस्तृत छलफल भई कम्पनीको मिति २०७९ आश्विन ३१ गते सोमबारका दिन बसेको संचालक समितिको २४१औं बैठकमा लेखा लेखापरीक्षण सिमतिले संचालक समिति समक्ष प्रतिवेदन समेत प्रस्तुत गरेको जानकारी गराउंदछु ।

कम्पनीका वर्तमान वैधानिक लेखापरीक्षक श्री **बि. के अग्रवाल एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्** काठमाण्डौंको कार्यकाल ४७औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् समाप्त हुँदैछ । शेयरधनी महानुभावहरु समक्ष निवर्तमान लेखापरीक्षक श्री बि. के अग्रवाल एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्को कार्यकाल एक वर्ष मात्र पुगेकोले कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम वहांहरुको पुर्ननियुक्ति हुन सक्ने कानुनी व्यवस्था रहेको र कम्पनी ऐन, २०६३ को दफा ११२ बमोजिम कम्पनीको लेखापरीक्षकमा नियुक्त हुन अयोग्य नभएको कुरा कम्पनीलाई लिखित रुपमा जानकारी गराउनु भएको समेत सभा समक्ष जानकारी गराउँदछु ।

लेखापरीक्षण समितिमा कम्पनीको लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गरि त्यसको अनुमोदन तथा स्वीकृतिका लागि ४८औं वार्षिक साधारण सभासमक्ष पेश गर्ने विषयमा विस्तृत छलफल भएको थियो ।

आर्थिक वर्ष २०७९/८० को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा विस्तृत छलफल पश्चात् साविक वैधानिक लेखापरीक्षक श्री **बि. के. अग्रवाल एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्** को कार्यसम्पादन सन्तोषजनक रहेको मुल्यांकन तथा निष्कर्ष सहित र सोहि चार्टर्ड एकाउन्टेन्टस् संस्थालाई नै चालु आर्थिक वर्ष २०७९/८० को लागि पनि कम्पनीको बैधानिक लेखापरीक्षकमा पुनःनियुक्त गर्न सिफारिश गर्ने लेखापरीक्षण समितिबाट सर्वसम्मत निर्णय भई कम्पनीको यस ४८औं वार्षिक साधारण सभा समक्ष अनुमोदन एवं प्रस्ताव पारित गर्नका लागि पेश गर्ने निर्णय भए बमोजिम श्री **बि. के. अग्रवाल एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्** लाई वैधानिक लेखापरीक्षक र कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई यस सभाबाट पारित गर्नका लागि हार्दिक अनुरोध गर्दछु ।

साथै, लेखापरीक्षकको पारिश्रमिकको सम्बन्धमा उक्त बैठकले श्री **बि. के. अग्रवाल एण्ड कं.,** चार्टर्ड एकाउन्टेन्टस्को पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिमा विस्तृत छलफल पश्चात गत आर्थिक वर्षको पारिश्रमिक (लेखापरीक्षण शुल्क) मा १० प्रतिशत बृद्धि गरी चालू आर्थिक वर्ष २०७९/८० को लागि कम्पनीको बैधानिक लेखापरीक्षणको लागि मुल्य अभिबृद्धि कर बाहेक रु. ४,९५,००० (रुपैयां चार लाख पन्चानब्बे हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) र कम्पनीको चालू आर्थिक वर्ष २०७९/८० को कर लेखापरीक्षण गर्नको लागि मुल्य अभिबृद्धि कर बाहेक रु. १,१०,००० (रुपैयाँ एक लाख दश

हजार मात्र) पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सर्वसम्मत निर्णय गरेको हुँदा यस प्रस्तावलाई यस सभाबाट स्वीकृत गरी पारित गर्नका लागि समितिले यस ४८औं वार्षिक साधारण सभा समक्ष सिफारिश गरेको अनुरोध छ ।

अत: समग्रमा लेखापरीक्षण समितिको सर्वसम्मत सिफारिश अनुसार **श्री बि. के. अग्रवाल एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस्**, काठमाण्डौंलाई **बैधानिक लेखापरीक्षण** को लागि मुल्य अभिबृद्धि कर बाहेक **रु. ४,९५,००० (रुपैयाँ चार लाख पन्चानब्बे हजार मात्र)** र **कर लेखापरीक्षण** गर्नको लागि मुल्य अभिबृद्धि कर बाहेक **रु. १,१०,००० (रुपैयां एक लाख दश हजार मात्र)** पारिश्रमिक (कर लेखापरीक्षण शुल्क) पाउने गरी कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्तिको प्रस्ताव पारित गर्नका लागि यस ४८औं वार्षिक साधारण सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

तत्पश्चात सभाका सभापतिले उपरोक्त बमोजिम कम्पनीको ४८औं वार्षिक साधारण सभा समक्ष पेश भएको कम्पनीको वैधानिक लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सामान्य प्रस्तावलाई सो सभाबाट पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

# अनुसूची ५

(४८औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को क्रम संख्या १३(क)५ संग सम्बन्धित)

**संचालक समितिको तर्फबाट पारिश्रमिक पुनरावलोकन समितिका संयोजकबाट ४८औं वार्षिक साधारण सभा समक्ष कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधा पुनरावलोकन तथा पुर्ननिर्धारण सम्बन्धी सामान्य प्रस्तावको प्रस्तुती**

४८औं वार्षिक साधारण सभाका सभापतिज्यूको अनुमतीले कम्पनीको सञ्चालक समितिको तर्फबाट पारिश्रमिक पुनरावलोकन समितिका संयोजक श्री रवि भक्त श्रेष्ठज्यूले कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरु पुनरावलोकन तथा पुर्ननिर्धारण गर्ने सम्बन्धी निम्नलिखित सामान्य प्रस्ताव प्रस्तुत गर्नु भएको थियो :–

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस ४८औं वार्षिक साधारण सभाका सभापतिको अनुमतिले म सभाको निर्धारित छलफलको बिषय नंम्बर क(५) अर्न्तगत कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधा सम्बन्धी साधारण प्रस्ताव सञ्चालक समितिको तर्फबाट प्रस्ताव गर्दछु ।

कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले जानकारी गराई सक्नुभएको छ वहाँसंग प्रत्यक्ष सम्बन्ध रहेको र निजी सरोकारको विषय भएकोले यस एजेण्डाको छलफलमा वहाँ सहभागी हुनु भएको छैन ।

यस कम्पनीका कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक पुनरावलोकन तथा पुर्ननिर्धारण प्रत्येक चार वर्षमा हुने गर्दछ र पछिल्लो समय सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम मिति २०७५ साल पौष २६ गते तद्नुसार १० जनवरी २०१९, मा सम्पन्न भएको कम्पनीको ४४औं वार्षिक साधारण सभाबाट मिति २०७५ श्रावण १ गते तदनुसार १७ जुलाई २०१८ देखि लागू हुने गरी चार ( ४) वर्षको लागी सभाको सर्वसम्मत निर्णयबाट भएको थियो र त्यसपछि, कार्यकारी अध्यक्षज्यूको पारिश्रमिक तथा सुविधाहरुमा कुनै पनि वृद्धि वा परिवर्तन भएको छैन ।

कम्पनीका कार्यकारी अध्यक्ष **श्री दिनेश बहादुर बिष्टज्यू**को पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन गरी सिफारिस गर्ने सम्बन्धमा विस्तृत र विश्लेषणात्मक अध्ययन गरी कम्पनीको ४८औं वार्षिक साधारण सभाबाट स्विकृतिका लागि सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्न संचालक समितिको मिति २०७९ आश्विन ३१ गते तदनुसार १७ अक्टूबर २०२२ सोमबारका दिन बसेको २४१औं बैठकले कम्पनीको कार्यसंचालन तथा व्यवस्थापनमा संलग्न नरहनु भएको संचालक समितिका सदस्यहरु, संचालक **श्री रवि भक्त श्रेष्ठ**को संयोजकत्वमा गठित संचालक, **श्री शशिराज पाण्डे**, संचालक, **श्री निरन्जन कुमार टिबरेवाला** र संचालक, **श्री प्रकाश बिक्रम खत्री** रहनु भएको विद्यमान चार सदस्यीय संचालक समितिको उपसमिति **पारिश्रमिक पुनरावलोकन समिति** लाई सक्रिय गराई कार्यभार दिएको थियो ।

कम्पनीका अधिकृत लगायत सबै कर्मचारीहरुले वार्षिक पारिश्रमिक वृद्धि पाउने परिप्रेक्ष्यमा कार्यकारी अध्यक्षज्यूको पारिश्रमिक वृद्धिका साथ साथै समयानुसार कार्यकारी अध्यक्ष पद अनुसारको पारिश्रमिक तथा सुविधाहरु हुनुपर्ने हुंदा पारिश्रमिक पुनरावलोकन समितिले सञ्चालक समिति समक्ष पेश गरेको सिफारिस बमोजिम कम्पनीको सञ्चालक समितिले मिति २०७९ पौष २१ गते तदनुसार ५ जनवरी २०२३ मा बसेको सञ्चालक समितिको २४२औं बैठकबाट पारिश्रमिक तथा सुविधाहरु पुनरावलोकन तथा पुर्ननिर्धारण गर्न सिफारिश गर्ने साधारण प्रस्ताव सर्वसम्मतिबाट पारित गरी ४८औं वार्षिक साधारण सभा समक्ष स्वीकृतीका लागि पेश गर्ने सम्बन्धी प्रस्ताव सञ्चालक समितिको तर्फबाट पारिश्रमिक पुनरावलोकन समितिका संयोजकले पेश गर्ने निर्णय भए बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन तथा पुर्ननिधारण गर्ने सम्बन्धी तपसिल बमोजिमको साधारण प्रस्ताव यस सभा समक्ष पेश गर्दछु ।

**आदरणीय शेयरधनी महानुभावहरु,**

संक्षेपमा, कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको शसक्त, सबल, सुदृढ र कुशल नेतृत्वमा यस कम्पनीले निरन्तर उल्लेख्य रुपमा कार्यप्रगति गरी रहेको यहांहरु समक्ष प्रष्टनै छ । कोभिड १९ महामारीको समयमा कार्यकारी अध्यक्ष श्री बिष्टज्यूले मासिक रु. ५,००० मात्र पारिश्रमिक लिनुभई बांकी सबै पारिश्रमिक तथा सुविधाहरु नलिई निरन्तर कम्पनीको उत्कृष्टतम कार्यसम्पादन गरिरहनु भयो । परिणामत: नेपालको पर्यटन व्यवसायमा कोभिड १९ महामारीको प्रतिकुल असर पर्यटनमा विद्यमान रहको अवस्थामा पनि हाम्रो कम्पनीले समिक्षा आर्थिक वर्ष २०७८/७९ देखी नै उल्लेख्य कार्यसम्पादन गर्न सफल भयो तथा कोभिड १९ महामारीको प्रतिकुल परिस्थितिबाट माथि उठाउदै उल्लेख्य मुनाफा गरी कम्पनीका शेयरधनीहरुलाई लगानीको प्रतिफल समेत यसै आर्थिक वर्षबाट प्रदान गर्न सक्षम हुनु भएको छ ।

कम्पनीको **पारिश्रमिक पुनरावलोकन समिति**ले संचालक समिति समक्ष सुझाव सहित प्रतिवेदन पेश गरी पुनरावलोकन को लागि सिफारिस गरेको तथा सोही सिफारिस बमोजिम सञ्चालक समितिको मिति २०७९ पौष २१ गते तदनुसार ५ जनवरी २०२३ विहीवारका

दिन बसेको सञ्चालक समितिको २४२औं बैठकले विस्तृत छलफल पश्चात् कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन सहित पुनर्निधारण गरि वहाँको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन तथा पुर्ननिर्धारण गरी सोको स्विकृतिका लागि कम्पनीको यस ४८औं वार्षिक साधारण सभा समक्ष सामान्य प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय भए बमोजिम यस ४८औं वार्षिक साधारण सभा समक्ष पेश गरिएको पारिश्रमिक पुनरावलोकन समितिका संयोजक तथा सञ्चालक, श्री रवि भक्त श्रेष्ठज्यूले सभालाई जानकारी गराउनु भयो ।

संचालक समितिको उप समिति पारिश्रमिक पुनरावलोकन समितिले विस्तृत र गहन छलफल तथा विवेचना पछि सञ्चालक समिति समक्ष कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधा पुनरावलोकन सम्बन्धी प्रस्ताव सिफारिश पेश गरेको थियो ।

कम्पनीको संचालक समितिले सर्वसम्मतिबाट निर्णय गरी यस ४८औं वार्षिक साधारण सभा समक्ष विस्तृत विवरण सहित साधारण प्रस्ताव पेश गरे बमोजिम, मिति २०७९ श्रावण १ गते तदनुसार १७ जुलाई देखि लागू हुने गरी आगामी ४ (चार) वर्षका लागि कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधा पुनरावलोकन तथा पुर्ननिर्धारण सम्बन्धी प्रस्तुत साधारण प्रस्तावलाई स्वीकृति प्रदान गरी पारित गरियोस भनि सञ्चालक समितिको तर्फबाट पारिश्रमिक पुनरावलोकन समितिका संयोजक तथा सञ्चालक, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष पेश गर्नु हुंदा शेयरधनीहरुको ४८औं वार्षिक साधारण सभाले सो प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृति प्रदान गरी पारित गऱ्यो ।

कम्पनीको सञ्चालक समितिले पारिश्रमिक पुनरावलोकन समितिबाट सिफारिश भएको सो प्रस्ताव उपर थप छलफल, विवेचना तथा बिचार बिमर्श पश्चात् पारिश्रमिक तथा सुविधा पुनरावलोकन तथा पुर्ननिर्धारण गर्ने सम्बन्धी प्रस्तुत सामान्य प्रस्तावलाई मिति २०७९ श्रावण १ गते तदनुसार १७ जुलाई २०२२ देखि लागु हुने गरी कम्पनीको ४८औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत सामान्य प्रस्तावको स्विकृतिको लागि पेश गर्ने सञ्चालक समितिले सर्वसम्मतिबाट निर्णय गरे बमोजिम यस तपसिलमा उल्लेखित विवरण बमोजिमको सामान्य प्रस्तावलाई यस सभाबाट स्वीकृति प्रदान गर्नुहुनका लागि सञ्चालक समितिको तर्फबाट म हार्दिक अनुरोध गर्दछु ।

सञ्चालक समितिको बैठकबाट सर्वसम्मत निर्णयबाट पारित गरी यस सभा समक्ष स्वीकृतिका लागि पेश भएको कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरु यस प्रकार रहेका छन्:–

| | | | | |
|---|---|---|---|---|
| A. | | **EMOLUMENTS** | **Rs.** | |
| | 1. | **SALARY SHEET** | | |
| | | Basic Salary | 3,50,000 | |
| | 2. | Allowances | 2,20,000 | |
| | | **TOTAL** | **5,70,000** | **Per month** |
| | 3. | Additional Effect | | |
| | | 20% Social Security Fund Contribution | 70,000 | Per month |
| | | (Provident Fund & Gratuity & SSF Contribution) | | |

**B. BENEFITS**

1. **Rs. 60,000 per month** as **Maintenance Expenses** in lieu of Accommodation.

2. Resident's **Electricity, Telephone both Landline** as well as **Mobile, Internet,** and **Water supplies** are to be paid **on actual.**

3. **Car** facility with **Driver**. The car used by the Executive Chairman (EC) shall be **changed every five years**. Once EC ceases to be part of BOD after the completion of his tenure, the car thus used by him shall be **transferred to him for his personal use** in recognition of his **Long Service to the Board.**

4. **Membership** (Annual)

   a) The Institute of Chartered Accountants of **Nepal and India – on actual.**

5. **Medical Insurance** policy for **self, spouse,** and **dependent children** insurance premium not exceeding **Rs. 25,000 per annum.**

6. Business **Entertainment** as required.

7. **Free Laundry** facilities with family not exceeding **Rs 48,000 per annum**

8. **Travelling** – to attend **4 (Four) International Conferences** with spouse with due information to the Board of Directors and **other Business Travel/duty tours as required.**

9. **Leave Travel allowances (LTA) with spouse and children once a year** not exceeding **Rs. 7,50,000**

10. **Food Allowance of Rs 62,500** per month

11. **Yearly Performance Allowance of 1.75% of the Profit Before Tax (PBT)** of the Company from **the financial year of 2022/2023 (2079/80)** in lieu of existing monthly *performance allowance for a* **Profit Before Tax up to Rs. 40 crores.**

    For a **Profit Before Tax above Rs. 40 crores performance allowance will be 0.75%** for an **additional increase** of the Profit Before Tax (PBT) of the Company.

    In case the **Profit Before Tax goes below Rs 40 Crores** due to the addition of extra rooms in the hotel and its impact due to debt servicing, the Board shall **appropriately review** the package.

12. **Bonus** and **Service Charge** amounts shall be made available to him as per the Rules and Regulations of the company and the prevailing laws of Nepal.

Further, the Committee recommends that the proposed increment be made effective from **17th July 2022 (1 Shrawan 2079) for (4) four years.**

साथै, कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरु मिति २०७९ श्रावण १ गते तदनुसार १७ जुलाई २०२२ देखि लागू हुने गरी चार (४) वर्षको लागी हुनेछ ।

कम्पनीको संचालक समितिले सर्वसम्मतिबाट निर्णय गरी यस ४८औं वार्षिक साधारण सभा समक्ष विस्तृत विवरण सहित सामान्य प्रस्ताव पेश गरे बमोजिम, मिति २०७९ श्रावण १ गते तदनुसार १७ जुलाई २०२२ देखि लागू हुने गरी आगामी ४ (चार) वर्षका लागि कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधा पुनरावलोकन तथा पुर्ननिर्धारण सम्बन्धी प्रस्तुत सामान्य प्रस्तावलाई स्वीकृति प्रदान गरी पारित गरियोस भनि सञ्चालक समितिको तर्फबाट पारिश्रमिक पुनरावलोकन समितिका संयोजक तथा सञ्चालक, श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष पेश गर्नु हुंदा शेयरधनीहरुको ४८औं वार्षिक साधारण सभाले सो प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृति प्रदान गरी पारित गर्‍यो ।

**सञ्चालक, श्री रवि भक्त श्रेष्ठज्यूले प्रस्तावलाई सर्वसम्मतिबाट स्वीकृति प्रदान गरी पारित गर्नु भएकोमा आदरणीय शेयरधनी महानुभावहरुमा हार्दिक धन्यवाद दिनु भयो ।**

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**




**Soaltee Hotel Limited**

पोष्ट बक्स नं. ३८००, ताहाचल,
काठमाण्डौं, नेपाल ।
फोन नं. ९७७ १ ४२७३९९९
फ्याक्स नं. ९७७ १ ४२७२२०१ / ४२७२२०६
ईमेल : shl@soaltee.com.np